# अपाङ्गता भएका बालबालिकाको प्राथमिक शिक्षामा पहुँच (कीर्तीपुर नगरपालिकाको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय  सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र
विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि
आंशिक आवश्यकता परिपुर्ति
गर्नका लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी
श्री देबि रोकाया
रोल नं.: २८–३६–२२–०००५९
रजिस्ट्रेसन नम्बर : ९-२-७०१-२०१४

सामाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं



२०८१

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र विज्ञान

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर , काठमाडौं

TRIBHUVAN UNIVERSITY
CENTRAL DEPT. OF SOCIOLOGY

## सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयमा स्नातकोत्तर तह उपाधिको आंशिक आवश्कता पुर्ति गर्नका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्रीदेवी रोकायाले कीर्तीपुर नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरुको "अपाङ्गता भएका बालबालिकाको प्राथमिक शिक्षामा पहुँच" कीर्तीपुर नगरपालिकाको एक अध्ययन शीर्षकको शोधपत्र तथार पारिएको छ । प्रस्तुत शोधप्रत्रको मुल्याङकनका लागि सिफारिस गर्दछु ।

..............................

डा.मनहरि ढकाल

(शोध निर्देशक )

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौं

मिति : २०८१/०५/२७

CS Scanned with CamScanner

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र विज्ञान

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

TRIBHUVAN UNIVERSITY
CENTRAL DEPT. OF SOCIOLOGY
KIRTIPUR

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र केन्द्रिय विभागद्धारा समाजशास्त्र विषय स्नातकोत्तर तहको उपाधिको लागि आशिंक आवश्यकता पुरा गर्न कीर्तिपुर नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयमा ‘‘अपाङ्गता भएका बालबालिकाको प्राथमिक शिक्षामा पहुँच’’ कीर्तीपुर नगरपालिकाको एक अध्ययन शीर्षकको शोधपत्रलाई स्वीकृत पदान गरीयो।

शोधपत्र मुल्याङकन समिति

................................

................................

विभागीय प्रमुख

डा. पासाङ शेर्पा

................................

डा मनहरि ढकाल

शोध निरीक्षक

................................

प्रेम चलाउने

वाह्य निरिक्षक

मितिः २०८१/०५/२७

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय समाजसास्त्र स्नाकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागि कीर्तिपुर नगरपालिका भित्र रहेका विद्यालयको "अपाङ्गता भएका वालवालिकाको प्राथमिक शिक्षामा पहुँच" कीर्तीपुर नगरपालिकाको एक अध्ययनको शोधप्रत्रलाई पेश गरेकी छु ।

यस शोधको लागि अध्ययन र खोज गर्ने जमरकोमा धैरै मित्रहरु तथा आफन्तहरुवाट उत्साह प्रेरणा मिलेको छ । मेरो खोजलाई व्यवस्थित र सहि ढङ्वाट संन्चालन गर्न अनुसन्धान मुल्य बाट सचेत रहेर कार्य क्षेत्रमा लागि पर्ने र खोज संग सम्वन्धित रहेका डाक्टर मनहरि ढकाल ज्यु को कार्यले मलाई अत्यन्त उर्जामय प्रेरणा मिलेको छ ।

स्रोत कार्यको शुरुदेखि अन्त्यसम्म आफनो अमुल्य सुझाप सल्लाह र मार्ग निर्देशन दिनु सहयोग गनुहुर्ने शोधनिर्देशक डा. मनहरि ढकाल प्रति हार्दिक कृतज्ञाता ज्ञापन गर्दछु । यसका साथै विद्यालय शिक्षा देखि उच्च शिक्षा सम्म पुरयाउन आर्थिक व्यहारिक समस्या संग संर्घष गर्दै आफनो अमुल्य श्रम र पशिना खर्चेर मेरो अध्ययन लाई यस स्थान सम्म ल्याईपुराउर्ने मेरो पुजनिय वुवा पुर्ण वहादुर रोकाया र आमा पाल्जु रोकाया प्रति म आजिवन ऋणि हुनेछु । त्यसै गरी अध्ययनका क्रममा समय दिइएको मा मेरो प्यारो भाईवहिनी संगिता रोकाया, विशाल रोकाया र पुष्पराज रोकाया लाई पनि विशेष धन्यवाद दिन चाहान्छु त्यसै गरी मेरा शोधकार्यको समयमा सल्लाहा र सुझाव दिई प्रत्यक्ष रुपमा सहयोग गर्ने साथिहरु टीका कुमारी थापा , लालित जङ शाहि , मनिषा विष्ट र प्यारी दिदि शारदा अधिकारी लगायत अन्य अप्रत्यक्ष रुपमा सहयोग गनुहुर्ने साथिहरुलाई धन्यवाद दिन चाहान्छु। साथै यो शोध पत्रमा कम्पिुटर टाईप गरी सहयोग गरी दिनुहुने प्यारी साथि टीका कुमारी थापा लाई विशेष धन्यवाद दिन्न चाहान्छु। यस शोधपत्र अध्ययनका क्रममा तथ्याङ्ग संकलन तथा अन्तरवार्ता अनुसुचि भर्न सहयोग गरिदिने सम्पुर्ण उत्तरदाताहरु प्रति आभार व्यत गर्दै धन्यवात ज्ञापन गर्न चाहान्छु ।

त्रिभुवन विश्वविधालय कीर्तिपुरका समाजशास्त्र विभागका प्राध्यापक आदणीय गुरु डा . मनहरि ढकालको मार्गदर्शन, मुल्याङकन र सुझावको आधारमा यो रचनात्मक टिप्पणी तयार पारिएको हो ।

...................................

श्रीदेवी रोकाया

CS Scanned with CamScanner

# शोधसार

**"अपाङ्गता भएका बालबालिकाको प्राथमिक शिक्षामा पहुँच" कीर्तीपुर नगरपालिकाको एक अध्ययन** नामक शिर्षकको यो शोधपत्र कीर्तिपुर नगरपालिकामा रहेको अपांगता भएका बालबालिकाको शिक्षाको पहुँच कस्तो छ भन्ने विषया केन्द्रित रहि तयार पारिएको छ। मुख्य रुपमा यस शोधपत्रमा सम्बन्धित क्षेत्रका अपांगता भएका विद्यार्थी तथा शिक्षकहरुलाई उत्तरदाताको रुपमा लिइएको छ। उत्तरदाताको प्रतिक्रिया थाहा पाउन रुजुसूची र अन्तवार्ता प्रश्नावलीलाई साधनका रुपा लिइएको थियो । त्यसको लागि अध्ययनकर्ता सम्बन्धि क्षेत्रमा उपस्थित भई रुजुसूचि भराइएको र अन्तवार्ता प्रश्नावलीको माध्यमबाट उत्तरदाताको प्रतिक्रिया संकलन गरिएको थियो । यसरी प्राप्त तथ्याङ्गहरुलाई प्रतिशतको माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ ।

अध्ययनबाट प्राप्त प्राप्तिलाई केलाउदा किर्तिपुर नगरपालिका भित्र रहेका तीन ओटा विद्यालय क्रमश लेबोरेटरी माध्यमिक विद्यालय,मस्तिष्क पक्षाघात स्वावलम्वन अभिभावक समुह, बाल कल्याण विद्यालय, धैरै जसो बालबालिकाहरुको शिक्षा प्राप्त गरीरहेको पाएको छ । ति मध्ये ७८.५८ प्रतिशत बालबालिकाहरु विद्यालय गएको पाइयो र त्याहाँ उनिहरुको लागि अपांग भएका बालबालिकाहरुका लागि आवश्यक भौतिक पुर्वधार आवश्यकता शैक्षिक सामाग्री प्राप्त रुपमा भएको पाईयो र २१.४२ प्रतिशत बालबालिका र नियमित रुपमा विद्यालय नगएको पाईयो

यसरी समग्र रुपमा हेर्दा अपांगता भएका बालबालिकाहरु शिक्षाको पहुँच पुऱ्याउन राज्यले थप नीति तथा योजनाहरुको व्यवस्था गर्ने तथा भएका ऐन कानुनहरुलाई प्रभावकारी रुपमा प्रचार प्रसार गरि सबैलाई जानकारी गराउनु आवश्यक रहेको देखिन्छ । अपांगता भएका बालबालिका हरुलाई सजिलै विद्यालय जान सक्ने गरि शिक्षा व्यवस्था गर्नु पर्ने सुझाव दिइएको छ ।

# LIST OF ABBREVIATIONS

| | |
|---|---|
| CBS | : Central Bureau of Statistics |
| GoN | : Governme t of Nepal |
| MoHP | : Ministry of Health and Population |
| MoWCSW | : Ministry of Women, Child and Welfare |
| NHP | : National Health Policy |
| UNESCO | : United Nation Educational Scientific and Cultural Organization |
| UNICEF | : Unite Nation Internationl Children’s Emergency Fund |
| WCEFA | : World Conference of Education for All |
| WHO | : World Health Organization |

# विषयसूची


सिफारिस पत्र *i*

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन पत्र iii

शोधसार पत्र iv

## अध्याय १

## परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्यनको उद्देश्य ६

१.५ अध्ययनको सिमा ६

## अध्याय २

## साहित्यको समिक्षा

२.१ नितिगत समिक्षा ८

२.२ साहित्यको पूनरावलोकन ११

२.३ अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र २०६५ १४

२.४ अपाङ्गता भएकका बालबालिकालाई प्रदान गरिएको सरकारी नीति १६

२.५ अपांगता सम्बन्धित अन्तराष्ट्रिय नीति १७

२.६ अपाङ्गतासम्बन्धी तथ्याङ्क सङ्कलनसम्बन्धमा संयुक्त संघको सिफारिस १९

२.७ नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा भएको व्यवस्था २०

२.८ अपाङ्गता भएका व्यक्तिको जनसंख्या २१

२.९ अपाङ्गताको प्रकार र लिङ्गअनुसार जनसंख्या वितरण २१

२.१० उमेर समूहअनुसार जनसंख्या र अपाङ्गता २१

२.११ अपांगताको परिभाषा तथा वर्गीकरण २२

## अध्याय ३

## अनुसन्धान पद्धती


३.१ अध्ययनको क्षेत्रको छनोट र यसको  औचित्य २३

३.१ अध्ययनको छनोट र यसको औचित्य २४

३.३ प्रथामिक तथ्याङ २४

३.४ द्धीतिय तथ्याङ २४

३.५ नमुना प्राप्त विधि २४

३.६ अध्ययनको समग्रत तथा नमुना छनोट २५

३.७ तथ्याङक संकलन विधि २५

३.८ तथ्याङकको प्रस्तुतिकरण तथा विश्लेषण २५

३.९ तथ्याङकको विश्लेषण प्रस्तुति २६

३.१० अन्तर्वाता २६

३.११ अवलोकन २६


## अध्याय ४

## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण


४.१ जनसंख्या र नमुना छनौट २८

४.२ नियमित स्कुल आउने बालबालिकाको लैङ्गिक संरचना २९

४.३  अपांगता भएका बालबालिको लैगिक संरचना २९

४.४ जातजाति अनुसार अपांगता प्रकार तथा संस्था ३०

४.५ अपांगताको प्रकार तथा अपांगता भएका बालबालिकाको संख्या ३०

४.६ सहभागीहरुका अपांगताको कारण(प्रतिशतमा) ३३

४.७ विद्यालय सम्म आउन प्रयोग गरीएको साधन ३३

४.८ विद्यालयमा सार्थिहरुले गर्ने व्यवहार ३४

४.९ विद्यालयमा शिक्षकहरुले पढाउने सम्बन्धमा ३५

४.१० अध्ययन जान नचाहने कारणबारे बालबालिकारुको प्रतिक्रिया ३५

४.११ विद्यालय भर्ना हुने विद्यार्थि तथा उमेर ३६

## अध्याय ५

## अध्ययनको सारंश प्राप्ति, निष्कर्ष तथा सुझावहरु

५.१ सारंश ३९

५.२ पहुँच ४०

५.३ प्राप्ति ४१

५.४ निष्कर्ष ४२

*सन्दर्भ सामाग्री*

*प्रश्नावली*

# अध्याय १

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन, २०७४ अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (Functional Limitation) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ । मानव सभ्यताको निरन्तर र समृद्धिको लागि शिक्षाको महत्वपुर्ण भुमिका खेल्दछ । विशेष गरि बालबालिकालाई विभिन्न प्रकारले अनुभब दिने र परिपक्क बनाउदै परिवार, समुदाय र राष्ट्रंको लागि जनशक्ति उत्पादन गर्न महत्पुर्ण जिम्मेवारी लिइएको छ । शरीरका अंग, शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सास्कृतिक, वातावरण साथै सन्चार समेत बाट सृजित भएको अवरोध समेतले दैनिक क्रियाकलाप संन्चालन गर्न एवं सामाजिक जीवनमा पुर्ण सहभागि हुन कठिनाई हुने अवस्थालाई शारीरिक अपांगता भनिन्छ , । (नेपाल राजपत्र २०६३) ।

शारीरिक अपांगता भएका व्याक्ति विश्वका सबै ठाउँमा भेटिन्छन । अपांगता हाम्रो परिवार तथा समाजमा दैनिक रुपमा अनुभव भईरहने विषय हो । यो विश्वका सबै जाति, भाषा, लिङ्ग , वर्ग तथा समुदायमा रहेका हुन्छन अपांगता जन्मजात , वा विभिन्न रोग तथा दुर्घटनाका कारण हुर्न गर्दछ र यो जीवनको कुनै पनि उमेरमा हुन सक्छ । अपांगता भएका व्याक्ति विश्वको ठुलो अल्पसंख्यक समुहको रुपमा रहेको छ (विश्व स्वास्थ्य संगठन, सन् २०१०)

पहिले पहिले शारीरिक रुपमा अपांगतालाई मानिसले पुर्वजन्ममा गरेका पाप वा नैतिक उल्लघंनका कारण भगवानले रिएको सजायको रुपमा लिने गरिन्थ्यो । भगवानको श्रापको कारण शारीरिक आपांगता भएको मान्यता अधिकाशंको रहने गर्दथ्यो । जसले गर्दा अपांगता भएका व्याक्तिलाई पापी व्याक्तिको रुपमा लिई उसलाई अपहेलनापुर्ण व्यवहार गरिन्थो । विगतमा चिकित्सा विज्ञानको पर्याप्त विकास भएको थिएन मानिसहरु शारीरिक अपांगतालाई आफ्नो भाग्यको रुपमा स्वीकार गर्दथें र जीवनलाई जे जस्तो छ त्यस्तै जीउन कोशिस गर्दथे ।तर अहिले विज्ञानको र प्रविधिको विकाससँगै अपांगतालाई कम गर्न तथा

निको पार्न सकिने भएको छ । विभिन्न अध्ययनले लगभग ५० प्रतिशत शारीरिक अपांगतालाई रोकथाम गर्न सकिने देखाउँछ । (लक्ष्मी नारायण २००३) ।

यद्यपी अविकशित तथा विकासोन्मुख देशहरुमा शारीरिक रुपमा अपांगता भएका वा शारीरिक रुपमा क्षमता भएका बालबालिकाको उपचार पुनर्स्थापना ,भौतिक व्यस्थापन शिक्षा, स्वास्थ्य लगायतका व्यवस्था भएको पाईदैन ।नेपालको सर्न्दभमा हेर्दा शारीरिक रुपमा अपांगता भएका वा शारीरिक रुपमा फरक क्षमता भएका बालबालिकाको लागि आवश्यक शिक्षा, भोतिक व्यवस्थापनको उपयुक्त व्यवस्था, स्वास्थ्यको उपयुक्त व्यवस्था गर्न सरकार , समाज तथा शिक्षक तथा परिवार समेतको तत्परता रहेको देखिदैन ।के शारीरिक असमर्थता लिएर जन्मनु मात्र शारीरिक रुपमा अपागंताको परिभाषा हो त ? त्यसो भए होमर, निको, अस्त्रोवास्की, हेलन केलरलाई किन अपुर्ण ठानेन् जगतले ? ति व्याक्तिहरु पनि म जस्तै शारीरिक रुपमा दुर्वलतायुक्त थिए । एेतिहास उनिहरुले पनि लेखेर गए, फरक दृष्टिकोण छाडेर गए, मान्छे हुनुको अर्थ राखेर गए । तर म उनीहरु भन्दा धैरै फरक दुनियाँमा जन्मेकी थिएँ, फरक भुगोलमा जन्मेका थिएँ, त्यसैले म यति असमान र तल्लो स्तरको जीवन  बाचेँ (झमक घिमिरे , जीवन काँडा कि फुल २०१८ फेब्रुअरी ९) ।

यसले नेपाल जस्ता अविकशित देशका शारीरिक अपांगता भएका बालबालिकाहरुको अत्यन्तै नाजुक अवश्था रहेको देखाउँछ । झमक घिमिरेको आफ्नो आफ्नो जीवन शारीरिक अपांगता बाबजुद सफल बनाएकी छन् तर यो आफ्नो बलबुताले, आफ्नो कडा परिश्रम तथा हठद्धारा प्राप्त गरेकी हुन् । झमकले फरक भुगोलमा जन्म लिएका कारणले उनी र अन्य शारीरिक अपांगता भएका बालबालिकाले अत्यन्त असमान र तल्लो स्तरका जीवन जीउन बाध्य भएको धारणा राखेकिछन्। एकव्याक्तिरोगको अवश्थाको कारण हुन सक्छ तर समाजसामाजिक संरचना,वातावरणीय रवैयाद्धारा उसलाई अपांग गराईनछ । वास्तवमा शारीरिक  रुपमा फरक क्षमता भएका अपांगता आफैमा समस्या होईन तर बिभिन्न सामाजिक बाधा, व्यवधानहरुले शारीरिक रुपमा फरक क्षमता भएकाहरुको प्रगति, समाबेशिकरण, शिक्षा सांस्कृतिक, भौतिक, राजनितिक क्रियाकलापमा सहभागि हुन बाधा पुराई रहेका छन् । किनभने शारीरिक रुपमा फरक क्षमता भएका व्याक्तिका लागि आवश्यक बिशेष खालका संरचना, भौतिक पुर्वधारहरु, उनिहरु आवश्यकता अनुसारको उपकरण तथा वातावरण निर्माण गर्न सकिएको छैन । जसले गर्दा अपांगता भएका व्यक्तिहरु अन्य सामान्य

व्यक्तिहरुप्राप्त गर्ने सेवासुविधा प्राप्त गर्न बाट बन्चित रहेका छन् । राज्यले शारीरिक रुपमा अपांगता भएका बालबालिकाहरुलाई पर्याप्त मात्रामा शिक्षा प्राप्त गर्ने अवसर उपलब्ध गराउने हो भने शारीरिक रुपमा अपांगता भएका बालबालिकाले पनि सम्मानित जीवनयापन र राष्ट तथा समाजमा महत्वपुर्ण योगदान गर्न सक्दछन् । नेपालमा शारीरिक रुपमा अपांगता भएका बालबालिकाको शिक्षाको लागि राज्यले केहि नीतिगत व्यवस्था गरेको त छ तर पनि ती पर्याप्त छैनन् भने भएका पनि प्रभाकारी रुपमा कार्यन्वयन हुन सकेका छैनन् ।शारीरिक रुपमा फरक क्षमता भएका अपांगता बालबालिका , व्याक्ति संन्सारका हरेक तहमा रहेका छन् । यद्यपि, विकसित देशको तुलनामा अर्धविकसित तथा अविकसित देशमा शारीरिक रुपमा अपांगता भएकाको संख्या बढी पाईन्छ । (Cambridge Up ,2016) ।

युनिसेफ, स.न २००१ ले गरेको एक अध्ययनमा शारीरिक रुपमा अपांगतालाई नेपालको सर्न्दभमा निम्नानुसार वर्गिकरण गरेको छ ।

१ सन्चार सम्बन्धी शारीरिक रुपमा  अपांगता दृष्टि सम्बन्धी सुनाई सम्बन्धी , बोलाइ सम्बन्धी ।

२. शारीरिक रुपमा अपांगता गतिशिलता सम्बन्धी ।

३.बौद्धिकता सम्बन्धी शारीरिक रुपमा अपांगता सुस्तमनस्थिती, छारे,मानसिक रोग।

४.बहु शारीरिक रुपमा अपांगता बहुअपांगता,मस्तिस्क पक्षघात ।

संचार सम्बन्धी अपांगतले मुलत : हेराइ , बोलाईमा समस्या हुने अवस्थालाई जनाउँछ । जसले सन्चार क्रियामा असर पारेको हुन्छ । हेराइ सम्बन्धी शारीरिक रुपमा अपांगतामा दृष्टिबिहिन तथा न्युन दृष्टि पर्दछ ,सुनाई सम्बन्धी शारीरिक रुपमा अपांगतामा बहिरा तथा सुस्त श्रवण पर्दछ , प्राय सुनाई सम्बन्धी शारीरिक रुपमा अपांगता भएकाहरुमा बोलाइ सम्बन्धी शारीरिक रुपमा अपांगता पनि भएको पाईन्छ । आवागमन सम्बन्धी शारीरिक रुपमा अपांगता प्राय शारीरिक अंगमा खराबीका कारण हुने गर्दछ । जसले व्याक्तिलाई आफ्ना दैनिक क्रियाकलाप संन्चालन गर्नमा असमर्थ बनाउने गर्दछ ।शारीरिक रुपमा फरक क्षमता भएका अपांगतामा विशेषगरी दृष्टि बिहिन हिडडुल तथा गतिशिलतामा समस्या ल्याउने गर्दछ । बौद्धिकता सम्बन्धी अपांगताले मानिसको बौद्धिक विकासमा असर गरेको हुन्छ । जसले गर्दा मानिस आफ्ना दैनिक क्रियाकलापहरु सहज रुपमा गर्न असमर्थ हुने

गर्दछन् । बौद्धिकता सम्बन्धी अपांगता विशेषत : सुस्तमनस्थिती , छारेरोग , मानसिक रोग जस्ता कारणले हुने गर्दछ । बहुअपांगतामा एक व्याक्तिमा एक भन्दा बढि प्रकारका अपांगता रहेको हुन्छ ।

## १.२ समस्याको कथन

विश्व स्वास्थ्य २०११ संगठनका अनुसार अर्धविकसित तथा अविकसित देशहरुमा शारीरिक रुपमा अपांगता भएका व्याक्तिहरुको संख्या १० देखि १५ प्रतिशत रहेको छ । विश्व स्वास्थ्य संगठनको तथ्यांकलाई आधार मान्ने हो भने नेपालमा ३० लाख भन्दा बढी शारीरिक रुपमा अपांगता भएका व्यक्तिहरु रहेको अनुमान गर्न सकिन्छ । नेपालको जनगणना २०७८ अनुसार नेपालमा ६ लाख ४७ हजार ७ सय ५५ जनामा कुनै न कुनै प्रकारको शारीरिक रुपमा अपांगता भएको देखाएको छ । त्यस मध्ये नेपालको जनगणना २०६८ का अनुसार ५ बर्ष देखि १९ बर्ष बालबालिकाको संख्या एक लाख तेह्र हजार छ सय रहेको देखिन्छ , भने ४ बर्ष देखि २४ बर्ष उमेरका समुहका बालबालिकाको संख्या १ लाख ७८ हजार ८ सय ४० रहेको देखिन्छ । (NDHS 2011)

यति ठुलो संख्यामा रहेका शारीरिक रुपमा अपांगता भएका बालबालिकालाको शिक्षाको अवस्था भने त्यति सन्तोषजनक देखिँदैन । शारीरिक रुपमा अपांगता भएका बालबालिकाको शिक्षाका लागि विभिन्न ऐन कानुन बनेका छन् तर कार्यान्वयन पक्षलाई प्रभावकारी नबनाए सम्म ऐन नियम पनि कोरा कागज जस्तै रहन्छन् ।नेपालमा ठुलो संख्यामा बालबालिकाको विकास, सुरक्षा, भौतिक सुबिधा तथा उनिहरुले शिक्षा पाउने हक अधिकारका लागि नेपाल सरकार तथा अन्य विभिन्न संघ संस्थाले बिभिन्न रणनिति र लक्ष्य अवलम्बन गरी शारीरीक रुपमा फरक क्षमता भएका बालबालिकामा काम गदै आए तापनि नेपालि समाजमा शारिरिक रुपमा फरक क्षमता भएका बालबालिका एउटा ठुलो समस्याको रुपमा रहेको छ । नेपालमा बालबालिका विशेष हेरचाह तथा शिक्षाका लागि विशेष व्यवस्थाको आवश्यकता रहने अपांगता भएका बालबालिका भौतिक अवस्था, शिक्षाको अवस्था के होला भनेर हामिले सहजै अनुमान लगाउन सक्छौं । पर्याप्त सहरी सुबिधा पुगेका , घर नजिक विद्यालय पुगेका भौतिक रुपले सेवा सुबिधा प्रसस्थ भएका तथा आवश्यक अनेसार बिशेष शिक्षाको व्यवस्था भएका विद्यालयमा शिक्षा दिन सक्ने हैसियत भएका , शिक्षित अभिभावकले शारीरिक रुपमा अपांगता भएका बालबबालिकालाई शिक्षा

दिन सफल भए । तर ग्रामिण क्षेत्र जहाँ यातायात व्यवस्था राम्रो छैन,शिक्षा प्राप्त गर्न आफ्नो घरदेखि टाढा जानुपर्छ त्यस्ता शारीरिक रुपमा अपांगता बालबालिकाको शिक्षमा पहुंच पुग्न धैरै गाह्रो रहेको छ । सामान्यतया धेरै अपांगता भएका बालबालिकाहरु बिभिन्न सामाजिक सेवा,सुबिधा,बन्चित तथा शिक्षक ,अभिभावक साथिभाई बाट सामाजिक भेदभाब बाट पिडित रहेका छन् । त्यस मध्ये पनि शारीरीक रुपमा फरक क्षमता भएका बालबालिकाको अवस्था झनै दयनिय रहेको छ । केहि खास शारीरिक रुपमा अपांगता भएका बालबालिकाहरु अत्यन्त कमजोर देखिन्छन्। जो आफ्ना अधिकारका लागि खडा हुन पनि नसक्ने अवस्थामा छन् ।शारीरिक रुपमा अपांगता भएका बालबालिकाहरु एक अल्पसंख्यक समुको रुपमा रहेका छन् । यस्ता शारीरिक रुपमा फरक क्षमता भएका बालबालिकाहरुलाई प्रथामिक शिक्षामा समान्न पुर्वक शिक्ष ग्रह्ण वातावरण बनाउनका लागि राष्ट, समाज परिवार लगाएत सबैले आफ्नो ठाउँ बाट योगदान गनुपर्ने हुन्छ राज्यले उपयुक्त निति तर्जमा गर्ने तथा त्यसको प्रभाबकारी कार्यन्वयनको सुनिश्चितता गर्ने, समाजले सदभाबपुर्ण व्यबहार गर्ने ,परिवारले उचित हेरचाह तथा सहयोग गर्ने गरेमा मात्र शारीरीक रुपमा अपांगता भएका बालबालिकाको जिवनस्तर राम्रो बनाउन सकिन्छ ।शारीरिक रुपमा अपांगता भएका बालबालिकालाई सामासजिक जीवनको अनुभब गराउन उनिहरुमा ज्ञान तथा सिप विकास गर्नका लागि विद्यालयमा भर्ना गराउन आवश्यक देखिन्छ यस बाहेक विद्यालय भर्ना भई शिक्षा लिन पाउनु उनिहरुको अधिकार पनि हो । दुभाग्य बस शारीरिक रुपमा अपांगता भएका धेरै बालबालिका विद्यालयबाट शिक्षा प्राप्त गर्न नसके पनि विद्यालयमा भर्ना भएका बालबालिकालाई अभिभाबकलाई भौतिक अवस्थाका कारण विद्यालयमा लिन असहज भएको महसुस गर्दछन् । आए विद्यालयको दुरी, जस्ता मुद्धाहरु शारीरिक रुपमा अपांगता भएका बालबालिकालाई विद्यालय शिक्षाबाट छुटाउनु परेको कारणको रुपमा रहेको छ । नेपालमा शारीरीक रुपमा फरक क्षमता भएका बालबालिका लागि शिक्षा प्राप्ती लगायात विभिन्न समस्या रहेका छन् । यद्यपी, यस्ता समस्याका बारेमा सरकारी तथा गैह्रसरकारी व्याक्तिगत रुपबाट प्राप्त अध्यन भएको पाईदैन । त्यसैले यस अध्यनमा उपलब्ध सिमित अध्यन सामाग्रीको प्रयोग गरी निम्न लिखित प्रश्नहरुको उतर लेख्ने प्रयास गरीनेछ ।

१. शारीरिकरुपमा फरक क्षमता भएका बालबालिकाको शिक्षामा पहुचको अवस्था कस्तो छ?

२. उनिहरुको भौतिक व्यवस्थापन अवस्था र शिक्षा प्राप्तीमा के कस्ता समस्या रहेकाछन् ?

## १.४ अध्ययनको उदेश्य

सामान्यतथा यस अध्यनको उदेश्य विद्यालय प्रथामिक शिक्षामा शारीरीक रुपमा फरक क्षमता भएका बालबालिकाको शिक्षामा पहुच र सहभागिता कस्तो छ ।

भौतिक व्यवस्थापन कस्तो छ कि छैन भन्ने अवस्थामा वास्तविकता खोजि गरी समाबेशि शिक्षा सम्बन्धि समग्र रुपमा अध्यन गरी जानकारी गराउन रहेको छ ।

१. अपाङ्गता भएका विद्यार्थीको शैक्षिक अवस्था पत्ता लगाउने ।

२. सामुदायिक विद्यालय फरक क्षमता भएका बालबालिकाको भौतिक अवस्था पत्ता लगाउनु ।

## १.५ अध्ययनको सिमा

यस अध्ययन निश्चित समायावधि भित्र सक्नुपर्ने तथा अध्ययन सामाग्रीको अपर्याप्तताका कारण केहि सिमा भित्र सिमित गरिएको छ यस अध्ययन विशेषत : काठमाडौ कितिपुर नगरपालिका भित्र रहेका सामुदायक विद्यालय नमुनाको रुपमा लिई अध्यन गरीन्छ । सामुदायिक विद्यालय अपांगता भौतिक रुपमा फरक क्षमता बालबालिकाको भौतिक अवस्थालाई केन्द्रित गरीएको छ । यस अध्यनको उदेश्यका लागी महिले क्रमश लेबोरेटरी माध्यमिक विद्यालय,बाल कल्याण विद्यालय,मस्तिक पक्षाघात स्वावलम्वन अभिभावक समुह भित्र रहेर फरक क्षमता भएका बालबालिकाको भौतिक अवस्था पता लगाउन , अपांगता भएका बालबालिकामा शिक्षाको पहुच कति पुगेको छ ? शिक्षा प्राप्त गर्नमा के कति भौतिक समस्या रहेका छन् भन्र्ने मा केन्द्रित रहने छ । अर्थात यस अध्यन निम्न सिम्म भित्र रहि गरीनेछ।

१. यस अध्यनमा विशेष गरी काठमाडौ जिल्लाको कितिपुर नगरपालिका भित्रका शारीरीक रुपमा फरक क्षमता भएका विद्यालय क्रमस लेब बालबालिकालाई मात्र समाबेश गरीएको छ ।

२. विशेषत प्रश्नवलि अन्तरबार्ता काठमाडौ जिल्लाका कितिपुर नगरपालिका भित्रका सामुदायक विद्यलय र बोडिग स्कुलमा शारीररिक रुपमा फरक क्षमता भएका बालबालिका

तथा सम्बन्धित शिक्षक लाई मात्र समाबेश गरीएको छ ।

३.यस अध्यनले काठमाडौ जिल्लाका बालबालिकाको शिक्षामा पहुच र सहभागिताको अवस्थालाई चित्रण गर्ने प्रयास गरिएको छ ।

४.संक्लित नमुनाहरु उदेश्य सम्बध हुने छन् ।

# अध्याय २

# पूर्व अध्ययनको समिक्षा

अनुसन्धान कार्यको एक महत्वपुर्ण प्रक्रिया हो । जसले हामिलाई विषय बस्तुमा अवस्थित समस्या र विगतका अनुसन्धान कार्यहरु बिचको खाडल लाई कम गर्न मदत गर्दछ । सम्बन्धित साहित्यको समिक्षा भन्नाले यस अघि गरीएका अनुसन्धान अध्यनहरु आदिका सिद्धान्तहरुको अध्यन लाई जनाउछ । अर्को शद्धमा भनु पर्दा अन्य सम्बन्धित विषय हरुको अध्यन जसले एच्छिक विषय लाई प्रभापकारी र प्रयोगातमक बनाउन मदत गर्छ , तेसलाई साहित्य समिक्षा भनिन्छ , यस खडमा अनुसन्धानको पहिले गरीएको अनुसन्धान प्रतिबेदन उदेश्य विधि र निश्कर्षहरु समाबेश छन जसले अको अनुसन्धानलाई नयाँ बिचार विकाश गर्न र अनुसन्धान समस्याका नयाँ पक्षहरु पहिचान गर्न मदत गर्न सक्छ साहित्य समिक्षाको मुख्य उदेश्य अध्यनको विषय बस्तुमा पर्याप्त ज्ञान संकलन गर्नु हो । अनुसन्धान लाई प्रभावकारी रुपमा संन्चालन गर्नका लागि अन्नुसन्धानलाई सम्बन्धित अनुसन्धान प्रतिबेदनहरु , लेखहरु, पत्रपत्रिकाहरु, पत्रिकाहरु, पुस्तकहरु , वेबसाईटहरुसँग परिचित हुन आवश्यक छ जसले समस्याहरुको अवधारणा अध्यन संन्चालन र निर्षकसमा पुग्न तथ्याकहरुको बिश्लेषण गर्न मर्दत गर्दछ ताकि अध्यन संग सबन्धित हुन सक्छ अघिल्लो कार्यहरु र यसको उचित सर्न्दभ र चित्रमा राखिएको छ ।

उदेश्य संग सम्बन्धित पृष्ठभुमि जानकारीको विश्लेषण गर्न साहित्यको समिक्षा गरीएको थियो । सम्बन्धित साहित्यको समिक्षाले धेरै उदेश्यहरु पुरा गर्दछ र राम्रो् संग डिजाइन गरीएको अनुसन्धान अध्यनको लागि आवश्यक छ । यो सामान्य तथा अनुसन्धान प्रक्रियाको सुरुमा आउछ, र यसले अन्नुसन्धान अध्यनको कुनै पनि पक्षमा बहुमुल्य जानकारी योगदान गर्न सक्छ । बिलियम र जुर्स, २००५ । यसरी साहित्य समिक्षाले अध्ययनका लागि बैचारीक रुप रेखा विकाश गर्न मदर्त गर्छ ।

## २.१ नितिगत समिक्षा

सर्वप्रथम विशेष आवश्यकता भएका बालबालिकाहरुको लागि सन् १९९४ मा स्पेनमा सालामाङकामा भएको विश्व सम्मेलनबाट पारित घोषणाले सबैका लागि शिक्षाको बृहत लक्ष्य प्राप्त गर्न विशेष शिक्षा (inclusive Education ) लाई एउटा महत्वपुर्ण रणनितिको

रुपमा अगाडि ल्यायो काफ्ले , २०६१ । यसरी विशेष शिक्षा पद्धतिले अपांगता भएका बालबालिकाहरुलाई मात्र होइन समाजमा रहेका हरेक आवश्यकताहरु भएका बालबालिकाहरुलाई समेत शिक्षाको अवसर उपलब्ध गराउने मान्यता राख्दछ । तसर्थ वर्तमान समयमा सन्चालनमा रहेका सबैजसो कार्यक्रमहरुको विशेष शिक्षालाई समग्र कार्यक्रम सन्चालन गर्ने पद्धतिको रुपमा व्याख्या गरेका छन् । यसै सन्दर्भमा नेपाल सरकार, शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा विभाग अर्न्तगत विशेष शिक्षालाई सबै बालबालिकाहरुका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने र आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रियाको रुपमा परिभाषित गरेको पाइन्छ शिक्षा विभाग २०६१ वास्तवमा समाजमा रहेका बालबालिकाहरु शरीरीक,मानसिक , संवेगात्मक , सामाजिक , सांस्कृतिक , भाषिक , धार्मिक तथा आर्थिक दृष्टिकोणले एक अर्कामा फरक हुन्छन् । यसरी नेपालमा यी सबै किसिमका बालबालिकाहरुलाई , शिक्षाको मूलप्रवाहमा समाविष्ट गरी सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको विश्वव्यापी एवं राष्टिय लक्ष्य पुरा गर्न नेपाल सरकार , शिक्षा त्रिज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायहरुमा विभिन्न किसिमका कार्यक्रमहरु सन्चालन भैरहेका छन । सन्चालित कार्यक्रमहरुमध्ये अपांग बालबालिकाहरुका लागि उनीहरुलाई अनुकुल हुने गरी विकास गरिएको पद्धति विशेष शिक्षालाई उच्च प्राथामिकताका साथ सन्चालन गरीएको छ । विशेष आवश्यकता भएका अपांग बालबालिकाहरुका लाागि संस्थागत रुपमा शिक्षा दिर्ने कार्य वि.स २०२१ सालमा काठमाडौ कीर्तिपुर स्थित लैबोरेटरी मा.वि मा दृष्टिबिहिनलाई शिक्षा कार्यक्रमबाट शूरुवात भएको पाइन्छ । त्यसपछि क्रमश वि.स २०२३ सालमा बहिरा तथा सुस्त श्रवण भएका बालबालिकाहरुका लागि वि.स २०२६ सालमा शारिरिकरुपमा अशक्त बालबालिकाहरुका लागि वि.स २०३७ सालमा वौद्धिक अपांगता भएका सुस्त मनस्थितिका बालबालिकाहरुका लागी विद्यालय सन्चालन गरी चार किसिमका अपांग बालबालिकाहरुका लागि शिक्षा दिने कार्यको शूरुवात भयो( शिक्षा विभाग २०६१) ।

अपांग भएका बालबालिकाहरुका लागि शिक्षाको व्यवस्था गर्ने राष्टिय शिक्षा पद्धतिको योजना २०२८ सिफारिसको आधारमा वि.स २०३० सालमा विशेष शिक्षा परिषद गठन गरिएको थियो । यसको चार बर्ष पछि परिषतले गर्ने कार्यक्रम सामाजिक सेवा समन्वय परिषदको गठन पछि उसैले गर्न थाल्यो । पछि यि जिम्मेवारी पुन : विशेष शिक्षा परिषदमै

फर्कियो । विशेष शिक्षा निति २०५३ जारी गरिनुलाई यस क्षेत्रको महत्वपुर्ण उपलब्धीको रुपमा लिइन्छ । आधारभुत तथा प्राथामिक शिक्षा परियोजनाके प्रथम चरणमा यस क्षेत्रलाई उच्च प्राथामिकता दिई विशेष शिक्षा एकाईको गठन गरीएकोमा सोहि कार्यको निरन्तरता स्वरुप वि.स २०५६ सालमा गठन गरीएको शिक्षा विभागको संगठनात्मक संरचनामा विशेश शिक्षा शाखाको व्यवस्था गरियो । अपांग बालबालिकाहरुका लागि शैक्षिक कार्यक्रम संन्चालन गर्ने पद्धतिमा एकिकृत शिक्षा तथा विशेष शिक्षालाई प्रमुख आधारको रुपमा लिएकाृ विशेष शिक्षा शाखालाई थप जिम्मेवरी प्रदान गरी वि.स २०६१ सालमा विशेष शिक्षा शाखाका रुपमा नामाकरण गरियो । यसै क्रममा अपांग बालबालिकाहरुको अनुकुल हुने गरी शिक्षण सिकाई गर्न र अपांग बालबालिकाहरुलाई अन्य साधारण कक्षामा एकिर्कत गर्ने कार्यको पुर्व तयारीका लागि आर्थिक बर्ष २०६२।२०६३ सम्म्म शिक्षा विभागद्धारा ७१ वटा जिल्लमा ३३० वटा स्रोत कक्षाहरु विशेष शिक्षाको पद्धतिको आधारमा सन्चालन गरी १२०० अपांग बालबालिकाहरुको लागि छात्रबृद्धि वितरण गर्ने कार्यक्रम पनि पुरा भएको छ । शिक्षा विभाग २०६१ । यसै गरी अपांग बालबालिकाहरुको अनुकुल हुर्ने गरी शिक्षण सिकाई गर्न र अपांग बालबालिकाहरुलाई अन्य साधारण कक्षामा एकिकृत गर्ने कार्यको तयारीका लागि आर्थिक बर्ष २०६३।०६४ सम्म शिक्षा विभाग द्धारा ७५ वटा जिल्लामा ३४० वटा स्रोत कक्षहरु विशेष शिक्षाको पद्धतिको आधारमा सन्चालन गरी १२२५ अपांग बालबालिकाहरुको लागी छात्रबृद्धि वितरण गर्ने कार्यक्रम पनि पुरा भएको छ । (शिक्षा विभाग २०६५) ।

नेपालको संविधान २०७८ ले अपांगता भएका व्याक्तिको हंक हितका लागि विगतको तुलनामा केहि विशेष व्यवस्था गरेको छ । जस्तै समानतको हंक धारा १८ मा अपागंता भएका लगाएतका व्याक्तिलाई राज्यबाट विशेष व्यवस्था प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ , शिक्षा सम्बन्धी हंक धारा ३१ म अपांगता भएका आर्थिक रुपले पिछडिका विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । साथै दृष्टिबिहिन , न्युन दुष्टि भएकालाई ब्रेललिपी तथा बहिरा र स्वर बोलाई सम्बन्धी अपांगता भएका बालाबालीकालाई संकेतिक भाषाका माध्यम बाट कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने हंकको व्यवस्था गरेको छ । बालबालिकाको हंक धारा ३९ मा असाहाय , अनार्थ अपांगता भएका द्वन्द्ध पिडित बालबालिकाले विशेष संरक्षणको सुविधा पाउने हकं सामाजिक सुरक्षाको हंक लगायतका हंगहरुको व्यवस्था गरेको छ ।

## २.२ साहित्यको पूनरावलोकन

आफ्नो अनुसन्धानको आधारशिल निर्माण गर्न तथा अनुसन्धान गर्न लगिएको विषयमा यस अघि के कस्ता अध्ययन भइ कस्तो ज्ञानको उत्पादन भएको छ भन्ने कुरा पहिल्याउन सान्दर्भिक पूर्ण साहित्यको समिक्षा गरिएको छ । प्रस्तुत अध्ययन सँग सम्बन्धित केही लेख,रचना, पत्रपत्रिका, पुस्तक एवम् केही पूर्व अनुसन्धानसँग सम्बन्धित तथ्यहरुको बारेमा अध्ययनको उद्देश्यको  आधारा समिक्षा गरिएको छ।

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधान(२०७२) को धारा ३१ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय पहुँच र प्रतिनिधित्वको लागि समावेशी शिक्षा आजको उपयुक्त र सार्न्दभिक मुद्धा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी २००६ को धारा २४ ले अपाङ्गता भएको बालबालिकाले अन्य बालबालिका सँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरि त्यो अर्न्तराष्ट्रिय महासन्धिमा हस्ताक्षर गरि संसदले अनुमोदन गरेको सानो समाजको रुपमा हेरिने विद्यालयदेखि नै समावेशी शिक्षा विकासका अध्याय गर्ने हो भने तिनै बालबालिकाले निर्माण गर्ने भविष्यको समाज पनि बृहत रुपमा समावेशी समाज बन्न सक्ने विश्वास गर्न सकिन्छ।

समावेशी शिक्षा भन्नाले विभिन्न भाषा भाषा, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै खेल्दै घर नजिकैको विद्यालया जाने समान आधारमा सबै बालबालिका सँगै सिक्न वातावरण सृर्जना गर्नु हो । यस पद्धतिले बालकेन्द्रित शिक्षाा जोड दिन्छ । त्यसैगरि फरक क्षमता भएका, भिन्न बालबालिकाहरु यिनीहरु अरु बालबालिका भन्दा फरक छन् । त्यसकारण उनीहरुलाई भिन्नै विद्यालयको आवश्यकता पर्छ भन्ने सोचले अपाङ्गतालाई समाजबाट अलग गरिदिन्छन्  र समाज सँगै हुर्कन, पढ्ने , एक सँगसँगै प्रतिस्पर्धा बन्ने अवसरबाट बञ्चित गर्छ। यस्ता कारणहरुले अपाङ्गता भएका व्यक्तिहरुको विकास प्रक्रिया नै ढिला र पछौटे बनाउँदछ । जसका कारण समाजमा अन्य व्यक्तिहरुसँगै प्रतिस्पर्धी बन्न असमर्थन बनाउँछ।नेपालमा समावेशी शिक्षा समतामूलक तथा अधिकारका रुपममा शिक्षाले स्थापित हुन वि.सं. २०५७ सम्म कुनु पर्यो अर्थात युनेस्कोको आह्वनमा सबैका लागि शिक्षाका नारा सहित सन् १९९४ मा स्पेनको सालामाङ्कामा भएको घोषणाले नेपाललाइए

छुन सम्म भने भ्याइसकेको थियो । त्यसपछि शिक्षा विभागले समावेशी शिक्षामा काम गर्न इन्कुलुसिभ शिक्षा शाखाको व्यवस्था गरेपछि अपाङ्गता भएका बालबालिकाको शिक्षामा केन्द्रिय रुपमा तथ्याङ्क सङ्कलन तथा व्यवस्था मिलाउन सुरु भएको पाइन्छ । २०६२ मा इन्क्लुसिभ शिक्षा शाखालाई समावेशी शिक्षा शाखामा नामाकरण गरियो । यसैसँगै जिल्लाका शिक्षा कार्यालयहरुबाट अपाङ्गता भएका बालबालिकाको शिक्षामा सहजीकरण गर्न लेखाजोखा केन्द्रको व्यवस्था गर्ने काम थालियो । यसको पृष्ठभूमि टेकी हाल नेपालका जिल्लामा लेखाजोखा केन्द्रको व्यवस्था ३८० स्रोत कक्षा(दृष्टिबिहिन बहिरा तथा सुस्त श्रवण र बौद्धिकता लागि) तथा २२ वटा एकिकृत विद्यालय मार्फत समावेशी शिक्षाको अभ्यास गरिदै आएको छ । (पहाडी, २०७६)

समावेशी भन्नाले समावेशी गर्नु , सामेल गर्नु, सहभागी गराउनु भन्ने हुन्छ । शिक्षा भन्नाले कुनै विषयमा दिइने वा लिइने औपचारिक वा अनौपचारिक जानकारी बुझिन्छ । समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, सम्प्रदाय, जातजाति लगायत शिक्षाबाट बञ्चित हरेक वर्गलाई उनीहरुको आवश्यकता र चाहाना अनुसारको शिक्षा प्रदान गरि गुणस्तरीय जीवन यापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मुल प्रवाहा समाहित गर्ने शिक्षणको आधुनिक नै समावेशी शिक्षा हो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले शिक्षालाई आधारभूत मौलिक हकको रुपमा स्थापित गरेको हुँदा भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक कारणले शिक्षा प्राप्त गर्न नसकेको वर्ग तथा महिला आदिवासी जनजाती, मधेसी, अपाङ्गता भएका फरक क्षमता भएको युद्ध तथा द्वन्द्वमा परेका घरेलु श्रमिक सडक बालबालिकालाई उनीहरुलाई आवश्यकतालाई दृष्टिगत गरि उनीहरुको रुचि र चाहाना अनुसार उनीहरुको पहुँच पुऱ्याउने स्थान र वातावरणमा दिइने शिक्षा समावेशी शिक्षा हो ।

नेपालमा समावेशी शिक्षा सम्बन्धी नीति २०२८ सालबाट नै प्रयोगमा आएको भएता पनि व्यवहारिक रुपमा २०६२ र २०६३ जनआन्दोलन पछि स्थापित भएको पाईन्छ । सोहि अनुसार नेपालको अन्तरिि संविधान २०६३ मा आधारभूत शिक्षा मातृभाषामा दिने र माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्ने सवैधानिक व्यवस्था गरिएको पाईन्छ ।नेपालले अपाङ्गता भएका बालबालिकाको शिक्षा प्रवद्धनका लागि विभिन्न कानुनी तथा कार्यक्रमगत व्यवस्था गरी कार्यान्वयनमा अगाडि बढाइएको छ (शिक्षा ऐन २०२८ संशोधन

सहित) मा विशेष शिक्षाको संचालन साधारण शिक्षा सरह हुने कुरा उल्लेख छ भने शिक्षा नियमावली २०५९ मा शिक्षा मन्त्रीको अध्यक्षतामा विशेष शिक्षाको संचालन सम्बन्धि व्यवस्था गरिएको छ । विशेष शिक्षा निति २०५३ ले दृष्टिविहीन, बहिरा, बौद्धिक, अपाङ्गता र शारिरीक अपाङ्गता भएका बालबालिका आवास सुविधा सहितको शिक्षाको अवसर दिने कुरा उल्लेख गरेको छ । शिक्षा नियमावली २०५९ को नियम ६० मा अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने सोही नियमावली ६६ एवम् अपाङ्ग संरक्षण तथा कल्याण नियम २०५१ को नियम १५मा विशेष शिक्षा दिने संस्थालाई नेपाल सरकारले निर्धारण गरे बमोजिम सुविधा  दिइने उल्लेख गरेको छ । त्यस्तै गरि शिक्षा नियमावली २०५९ को नियम १५१(२) मा संस्थागत विद्यालय कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशता नघटाइ, जेहेन्दार, गरिव, अपाङ्ग भएका बालबालिका, महिला, दलित र जनजाति विद्यालयलाई छात्रवृत्तिको व्यवस्था गरेको छ ।

सबै विविधताका बालबालिकाहरुलाई सरकारले समान व्यवहार गर्नुपर्छ । सबै बालबालिका विद्यालय प्रवेश र शिक्षा प्राप्तिमा समावेशीपनको अवधारणा कार्यान्वयन गरिनुपर्छ भन्ने आवाजहरु विभिन्न मुलुकहरु उठ्न थाले । यस प्रकार सरकारले सामुदायिक विद्यालया समावेशी शिक्षा कार्यान्वयना ल्यायो । अर्थात शिक्षा सरकारको दायित्व हो । सबै बालबालिकाले शिक्षा पाउने उनीहरुको मानव अधिकार हो । बाल अधिकार भने मान्यतालाई सरकारले कार्यान्वयना ल्याएबाट समावेशी शिक्षा अवधारणाको कार्यान्वयना ल्याएबाट सबै समुदायले शिक्षामा समावेशीको महत्वलाई उल्लेख गरेका छन्  र त्यसा पनि समावेशी र विशेष शिक्षा निति अन्तर्गत अपाङ्ग भएका बालबालिकालाई सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष सिपमा अवसर प्रदान गर्ने जीवनोपयोगी तथा व्यवसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री अनुकुल गर्ने अपाङ्गता भएका अशक्त र घरबाट विद्यालय आवतजावत गर्न नसक्ने तर विद्यालय अध्ययन गर्न बालबालिकाको लागि आवश्यकता पर्ने स्थानमा आवश्यकता आधारमा  छात्रवृत्ति सहितको विशेष विद्यालया संचालन गरिने छ । बालबालिकाहरुको अपाङ्गता अवस्था हेरि सम्भव भएसम्म अन्य बालबालिकाहरु सँगै बसेर सीप सिक्न पाउने गरि समावेर्श शिक्षाको व्यवस्था गरिने छ । अपाङ्गता भएका तथा फरक क्षमता भएका बालबालिकालाई आत्मनिर्भर बनाउनका लागि व्यवसायिक सीप सिक्ने अवसर प्रदान गरिने साधारणतया बालबालिकासँगै बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाको लागि अपाङ्गताको प्रकृति र स्तर अनुसारको

आवश्यकता पर्ने सामाग्रीहरुको (जस्त हुइलचियर छडि ब्रेल पुस्तक, साङ्केतिक चित्र) आदिको समुचित प्रवन्ध गरिनेछ । त्यसै गरि शैक्षिक वर्ष २०७७ मा आधारभुत तथा माध्यमिक तहपर्फ आवासीय एवम् गैरआवासिय छात्रवृत्ति मार्फत ५२ हजार ६ सय ४ अपाङ्गता भएका बालबालिका विद्यालयलाई समेटिएको छ । ( पौडेल २०७५)

## २.३ अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र २०६५

अपांग भएका व्यक्तिहरुको हितको संरक्षण र सम्बधन गर्न तिनका स्वास्थ्य,शिक्षा,रोजगारी ,तालिम , पुर्नस्थापना तथा अवसवर समानिकरण गराउँदै विकास प्रक्रियामा समावेशि गराउन तथा राज्य द्धारा तोकिएका सेवा , सुबिधा र अवसरको उचित व्यवस्थापन गराउन अपांग संरक्षण तथा कल्याण नियमावलि २०५१ को नियम ५ अनुसार अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका, २०६५ जारी गरीएको हो ।

नेपाल सरकारद्वारा प्रकाशित नेपालन राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) मार्फत गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण एवं संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षरसमेत गरिसकेका अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिसमेत गरिसकेका अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धिको उद्देश्य मर्म र भावना यस परिचयपत्र वितरणका आधार हुनेछन् ।

क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरुको पहिचान गर्न, स्थानीय निकायदेखि नै त्यस्ता व्यक्तिहरुको लगत राख्न ।

ख) नेपाल सरकारले २०६३ सालमा जारी गरेको अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना मुताबिक एवं अपाङ्गता सम्बन्धी विकास योजनाहरुका आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध गराइनुपर्ने सेवासुविधाहरु व्यवस्थित रुपमा प्रदान गर्न ।

ग) प्रचलित ऐन, नियमअनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी उपयुक्त अनूकूलता सहित विकास प्रक्रिया र राजयका संयन्त्रहरुमा समावेशीकरण गराउँछ ।

घ)अपाङ्गताको प्रकृति र मात्राको आधारमा अपाङ्गता भएका व्यक्तिहरुले पाउने सेवा, सुविधा र अवसरको प्राथकीकरण गर्नु ।

**नेपाल सरकार, २००३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्हरुको विस्तारित दशक २००३-२०१२ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय**

**काठमाडौ ।**

एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुका अधिकारलाई वास्तविक व्यवहारमा उतार्न तयार गरिएको इन्च्योन रणनीति- २०१२ को सजिलो नेपाली रुप राष्ट्रिय अपाङ्ग महासंघ नेपालले डिपीओडी डेनमार्कसँगको सहकार्यमा प्रकाशित गरेको हो । यस प्रकाशनका माध्यमबाट अपाङ्गता सम्बन्धीको  यो अन्तर्राष्ट्रिय दस्तावेजसबै व्यक्तिहरु तथा अपाङ्गता सम्बन्धी का गर्ने संस्थाका सदस्यहरुले सरल रुपमा बुझ्न सक्नेछन् । त्यसै गरी अपाङ्तामा प्रत्यक्ष काम नगर्ने तर अपाङ्गता सम्बन्धी जानकारी राख्न चाहने व्यक्तिहरुले पनि सीआरपीडिलाई सजिलै बुझ्न सक्नेछन् ।

अपाङ्गता तएका व्यक्तिहरुलाई प्राय लुकाएर राख्ने उनीहरुका कुरा नसुनिने र उनीहरुलाई गणना नगरिने गरिन्छ । पछिल्ला वर्षहरुमा एसिया तथा प्रशान्त क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको गणना गर्ने क्रममा देशहरुले अवलम्बन गर्ने अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरु को परिभाषामा धेरै विविधता रहेको छ । एसिया प्रशान्त क्षेत्रमा अपाङ्गता भएका व्यक्ति र उनीहरुको समाजिक, आर्थिक अवस्थाका बारेमा वास्तविक अपाङ्गताको सवालमा काम गर्ने सबै सम्बन्धित सरोकारवालाको प्रतिनिधित्व हुनेगरी राष्ट्रियस्तरको समन्वय गर्ने संयन्त्र निर्माण गर्ने । यसभन्दा पहिलेका एसिया तथा प्रशान्त क्षेत्रका दशकहरुमा पनि विभिन्न देशमा यस्ता संयन्त्र गठन भएका छन् । ती निकायले यो रणनीति कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय गर्ने दायित्व दिनुपर्छ । अपाङ्गतासम्बन्धी राष्ट्रियस्तरको समन्वय गर्ने संयन्त्रको सहयोगमा देशको तथ्याङ्कसम्बन्धी का मगर्दछ ।
नेपाल सरकार, २०५३ विशेष शिक्षा नीति, काठमाडौः नेपाल सरकार

## २.४ अपाङ्गता भएका बालबालिकालाई प्रदान गरिएको सरकारी नीति

कानुन र नीतिमा प्रगति भए पनि अपाङ्गता भएको धेरै जसो बालबालिकालाई सरकारले अलग्गै कक्षाकोठामा छुट्याएर राख्ने गरेको छ । अपाङ्गता भएका र नभएका बालबालिकालाई सँगै राखेर पढाइने समावेशी शिक्षा दिन सक्ने गरि शिक्षकहरुको तालिम अझै हुने सकेको छैन । अपाङ्गता भएका दशौं हजार बालबालिका विद्यालय बाहिरै रहेका छन् । शिक्षामा पहुँच लगायतका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धनका लागि कैयौं नयाँ नीतिहरु भए पनि नेपालको अपाङ्गता भएका बालबालिका स्तरयुक्त र समाजवेशी शिक्षा पाइरहेका छैनन् । ह्युमन राइट्स वाचका अपाङ्गता अधिकार फलो अल्पना भएका बालबालिकालाई अरुबाट नछुट्याइ अरु बालबालिका सितै कक्षाकोठामै सिक्नका लागि आवश्यकता सुविधा उपलब्ध गराउनुपर्छ ।मे २०१८ मा नेपालका पाँच वटा जिल्लाको १३ वटा सामुदायिक विद्यालयहरुमा गरिएको अनुसन्धान हिउन राइट्स वाचले पाए अनुसार अपाङ्गता भएको र नभएको विद्यार्थीरुलाई छुट्याएर राख्नाले अपाङ्गता भएका धेरै बालबालिका शिक्षकको अधिकारबाट बञ्चित गराएको छ । ह्युमन राइट्स वाचले अपाङ्गता भएका ८० जना विद्यार्थी तिनका परिवाजन, अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यरत संस्थाका प्रतिनिधि, शिक्षक, प्रधानाध्यापक, सरकारी अधिकारी तथा राष्ट्रसङ्घीय कार्यालयबाट कर्मचारीको अन्तर्वाता गरेको थियो ।संयुक्त राष्ट्रसंघ र विश्व स्वास्थ्य संगठनको अनुमान अनुसार नेपालमा ५ देखि १४ वर्ष बिचका

अपाङ्गता भएका बालबालिकाको संख्या ६०,००० देखि १८०,००० सम्म छ । २०११ को रिपोटमा ह्युमन राइट्स वाचले नेपालमा कम्तीमा २०७,००० बालबालिकालाई अपाङ्गता भएको अनुमान गरेको थियो । २०१६ युनिसेफको अध्ययन अनुसार अपाङ्गता भएका बालबालिका मध्ये ३०६ प्रतिशत आयो । १ देखि १२ वर्ष बिचका १५०० देखि ५६,००० बालबालिका स्कुल जादैनन् ।

प्रत्येक देशमा अपाङ्गता नीति बनाइएको छ । चार देशहरुले अपाङ्गता व्यक्तिहरुको हितको सुधार गर्न चाहन्छन् । जसलाई अपाङ्गता सम्बन्धी धेरै कानुन र नीतिहरुले संकेत गरेको छ । प्रत्येक देशको संविधानमा असक्षमता समावेश गरिएको हुन्छ । कुनै पनि पक्षको उदाहरणको लागि भेदभाव विरोधी वा स्रोत बाँडफाँड सम्बन्धि १२

युगाल्डा २००८ मा लागु CRPD लाई अनुमोदन गर्ने पहिलो देशहरु मध्ये एक हो।

मावाली र तान्जानियाले २००९ मा र इथिपोलिया २०1० मा यसको लगतै पछि लागे । चार देशहरुले राष्ट्रिय अपाङ्गता कानुनहरु पनि अपनाए । साइडमा सुरु भएका धेरै दृष्टान्तहरु यी राष्ट्रिय कानुन र नीतिहरुमा अँगालेको देखिन्छ । अपाङ्गताको सामाजिक मोडल चार देशहरुममा CRPD मा एक सँग मिल्दो असक्षमता परिभाषाहरु अपनाएर धेरै प्रभावशाली भएको देखिन्छ ।दीर्घकालीन शारीरिक,मानसिक, बौद्धिक वा संवेदी कमजोरी भएका व्यक्तिहरु जुन विभिन्न व्यक्तिहरुसँग अन्तरक्रियामा छन् । वाधाहरुले. आमसँग समान आधारा समाजमा उनीहरुको पूर्ण र प्रभावकारी सहभागितामा बाधा पुऱ्याउन सक्छ । शारीरिक,मानसिक वा संवेदी कमजोरी र सीमित सहभागिता परिणाम स्वरुप वातावरणीय अवरोधहरुको कारणले गदाए दैनिक जीवना गतिविधिहरुको स्थायी र पर्याप्त कार्यात्मक सीमाको रुपमा रहन्छ । साथै अपाङ्गता र विकास सम्बन्धि बहसमा व्यापक रुपा छलफल गरी अगाडि बढाइएको छन् । उदाहरणका लागि अपाङ्गता लक्षित र मुलधारका नीति र कार्यक्रमहरु दुवैको ट्रपिनट्र्याक दृष्टिकोण

DFD2000 अपाङ्गता र विकासमा अपाङ्गता भइका व्यक्तिहरुका लागि अवसरहरुको समानता सम्बन्धि मलावीको राष्ट्रिय नीतिकोय अंश हो । समग्रमा विगत एक दशक वा सो भन्दा बढीमा अध्ययन अन्तर्गत चार देशहरुले CRPD र असक्षमता र मान अधिकारको बारेमा विश्वव्यापी बहस अनुरुप अक्षमता समावेशका लागि अपाङ्गता निति र कानुनहरुको दायरा विकास गर्न ठुलो प्रगति गरेका छन । (MoWCSW सन 2006)

## २.५ अपांगता सम्बन्धित अन्तराष्ट्रिय नीति

दोस्रो विश्वयुद्ध पश्चात अपांगता सम्बन्धी चासो बढेको पाईन्छ । संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९९८ तथा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९७५ को हस्ताक्षर संगै अपांगता भएका व्यक्तिहरुको क्षमता पहिचान र प्रवद्धनको बहल सुरु भयो । यस सँगै संयुक्त राष्ट्रसंघले अपांगता भएका व्यक्तिहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, राजनितिक, आर्थिक र सामाजिक सुरक्षाको अधिकारको घोषणा गऱ्यो । यसका साथै संयुक्त राष्ट्रसंघले विश्वभरका सबै राष्ट्रका सरकार तथा संघ संस्थाहरुलाई विभिन्न “कार्यगत कार्यक्रमहरु” कार्यान्वयनको् सुझाव दियो । जस्तैः संयुक्त राष्ट्रसंघले सन् १९८३ देखि १९९२ लाई अपांगता भएको व्यक्तिको दशकको रुपमा मनाउने निर्णय गऱ्यो । संयुक्त राष्ट्रसंघका “कार्यगत

कार्यक्रमहरु” को मुख्य उद्देश्यहरु अपांगता रोकथाम, अपांगता भएका व्यक्तिहरुको पुनर्स्थापना तथा अवसरको समान वितरण गर्नु नै हो ।समावेशी शिक्षाको पहिलो अन्तराष्ट्रिय प्रतिवद्धता र समझदारी सन् १९८९ को बालबालिकाको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र नै हो । सो घोषणापत्रको धारा २३ मा मानसिक तथा शारीरिक अपांगता भएका बालबालिकाले शिक्षामा समान अधिकार, सामाजिक समावेशीता र व्यक्तिगत अधिकारको पूर्ण उपयोग गर्न पाउनुपर्ने कुरा उल्लेख गरिएको छ। घोषणपत्रको धारा ३,६, १२, २४, २८ र २९ मा विशेष आवश्यकता चाहिने अर्थात अपांगता भएका सबै बालबालिकालाई समावेशी शिक्षाको संयन्त्रको विकास हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ। संयुक्त राष्ट्रसंघले यस लक्ष्यलाई एक वाक्यमा परिभाषित गर्नुपर्दा शिक्षाको आधारभूत नीतिले शिक्षामा समावेशीपूर्ण पहुँच तथा सबै विद्यालयलाई अपांगता मैत्री विद्यालयको रुपमा विकास गर्नु भन्ने रहेको पाईन्छ। (युनेस्को,१९९४, पेज iii ) समावेशी शिक्षालयलाई थप व्याख्या गर्दै संयुक्त भन्छ (समावेशी विद्यालय भन्नाले अपांगतामैत्री भवन तथा समावेशी सामाजिक वातावरण एवं शिक्षा प्राप्तिका समावेशी साधनहरुको उपलव्धता भएको विद्यालयलाई बुझिन्छ। (युनेष्को, १९९४, पेज २)

सबैका लागि शिक्षा सम्बन्धि सम्मेलन , १९९० मा थाईलैण्डको जोमटिना भएको थियो । त्यस सम्मेलनमा आधारभुत सिकाइको आवश्यकताका लागि कार्यगत रुपरेखालाई ग्रहण गरिएको थियो। उक्त सम्मेलनको मुख्य उद्देश्य सबैका लागि शिक्षाको अवधारणालाई सशक्त बनाउनु रहेको थियो। अझ महत्वपूर्ण कुरा के भने उक्त सम्मेलनले शिक्षालाई आधारभूत अधिकारको रुपमा पुनः जोड दिदै शिक्षाले नै थप सुरक्षित, स्वास्थ र सामाजिक वातावरणीय हिसावले आनन्ददायी विश्व बनाउनमा मुख्य भुमिका खेल्ने कुरामा जोड दिएको थियो । यही अवधारणालाई पछ्याउदै सन् १९९२ मा एसिया व्यासिफिक क्षेत्रको आर्थिक सामाजिक आयोग -एकयाप) ले १९९३-२००२ लाई एसिया प्यासिफिक क्षेत्रका अपांगता भएका व्यक्तिहरुको दशक घोषणा गरेको थियो।

सन् १९९४ मा ( एस्क्याप घोषणाको दुई वर्ष पश्चात्) विशेष आवश्यकता शिक्षा सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन स्पेना आयोजना गरिएको थियो। यही सम्मेलनमा सालाानका वक्तव्य तथा विशेष आवश्यकताको शिक्षा सम्बन्धी त्रियात्मक आधारपत्र निर्माण भएको थियो। सो

आधारपत्रले समावेशी शिक्षा, अपांगता भएका र नभएका सबै बालबालिकाको समान रुपले पहुँच पुग्ने शैक्षिक वातावरणको परिकल्पना गरेको थियो । (Salamanca, 1994)

समावेशी शिक्षाको पथमा सन् २००० मा सेनेगलको डकारमा भएको सम्मेलनमा अर्को क्रियात्मक अवधारणापत्रको निर्माण गरेको थियो । उक्त सम्मेलना सबैका लागि शिक्षा सम्बन्धी विश्वव्यापी सम्मेलन (WCEFA,1990)का उपलब्धिहरु, कार्यपरिणाहरु तथा अपसफताहरुको प्रतिवद्धता थियो जसले शिक्षालाई पुनः एकपटक आधारभूत अधिकार तथा दिगो विकास र विश्वव्यापी स्थिरताको मुल तत्व मानेको थियो ।(डकार कार्यपत्र,२०००) सम्मेलनको यस अवधारणालाई सन् २००७ को अपांगता भएको व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सम्बन्धी घोषणपत्रले पूर्णतः स्वीकार गऱ्यो । जसले अपांगता भएका व्यक्तिहरु अपांगता भएकै कारणले शिक्षाको उज्यालोबाट बन्चित हुन नहुने कुरालाई जोड दियो ।

## २.६ अपाङ्गतासम्बन्धी तथ्याङ्क सङ्कलनसम्बन्धमा संयुक्त संघको सिफारिस

अपाङ्गता निर्धाण र अन्तर्राष्ट्रिय तुलनाको लागि ६ डोमेनहरु समावेश गर्न सकिने भनी संयुक्त राष्ट्र संघले विश्व जनगणना राउण्ड २०२० मा सिद्धान्त र सुझाव सिफारिस गरेको छ ।

- दृष्टिमा (seeing) कठिनाइ (चस्मा लगाउँदा पनि)
- श्रवण (Hearing) कठिनाइ (श्रवणयन्त्र प्रयोग गर्दा पनि)
- हिँडाइमा (Walking) कठिनाइ
- सम्झन वा ध्यान केन्द्रित गर्न (Cognition) कठिनाइ
- व्यक्तिगत हेरचाह (Self-care) गर्न कठिनाइ
- सञ्चारमा (Communication) कठिनाइ

माथि उल्लिखित प्रत्येक ६ डोमेनमा समस्याको स्तार मापन गर्न सिफारिस गरेको छ । स्तर मापनअन्तर्गत १. समस्या नभएको २. थोरै समस्या ३. धेरै समस्या र ४. पूर्णतः असक्षम पर्दछन् ।

### २.७ नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा भएको व्यवस्था

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गतालाई देहायअनुसार १० ओटा वर्गमा वर्गीकरण गरिएको छ :

- शारीरिक अपाङ्गता
- दृष्टिसम्बन्धी अपाङ्गता
    - दृष्टिविहीनता
    - न्यून दृष्टियुक्त
    - पूर्ण दृष्टिविहीन
- सुनाइसम्बन्धी अपाङ्गता
    - बहिरा
    - सुस्तश्रवण
- श्रवण दृष्टिविहीन अपाङ्गता
- स्वर र बोलाइसम्बन्धी अपाङ्गता
- मानसिक वा मनोसामाजिक अपाङ्गता
- बौद्धिक अपाङ्गता
- अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता
- अटिजमसम्बन्धी अपाङ्गता
- बहुअपाङ्गता

प्रत्येक १० वर्गको मापनका लागि अशक्तताको गम्भीरताका आधारमा अपाङ्गतालाई चार प्रकारमा वर्गीकरण गरेको छ ।

- पूर्ण अशक्त अपाङ्गता
- अति अशक्त अपाङ्गता
- मध्यम अपाङ्गता
- सामान्य अपाङ्गता

**२.८ अपाङ्गता भएका व्यक्तिको जनसंख्या :** नेपालको जनसंख्या २,९१,६४,५७८ मध्ये जम्मा ६,४७,७४४ जना अर्थात् २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जम्मा पुरुष जनसंख्याको २.५ प्रतिशतमा र महिला जनसंख्याको २.० प्रतिशतमा अपाङ्गता रहेको छ । अपाङ्गता भएका कुल व्यक्तिमध्ये पुरुष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत रहेका छन् ।

**२.९ अपाङ्गताको प्रकार र लिङ्गअनुसार जनसंख्या वितरण :** अपाङ्गता भएका व्यक्तिमध्ये सबैभन्दा धेरैमा शारीरिक अपाङ्गता भएका ३७.१ प्रतिशत रहेको छ । यसैगरी १७.१ प्रतिशतमा न्यून दृष्टियुक्त अपाङ्गता, ८.९ प्रतिशतम बहुअपाङ्गता, ८.० प्रतिशतमा सुस्तश्रवण, ७.९ प्रतिशतमा बहिरा, ६.४ प्रतिशतमा स्वर र बोइसम्बन्धी अपाङ्गता, ५.४ प्रतिशतमा पूर्ण दृष्टिविहीन, ४.३ प्रतिशतमा मानसिक वा मनोसामाजिक अपाङ्गता, १.८ प्रतिशतमा बौद्धिक अपाङ्गता, १.६ प्रतिशतमा श्रवण दृष्टिविहीन, ०.८ प्रतिशतमा अनुवंशीय रक्तश्राव (हेमोफेलिया) र ०.८ प्रतिशतमा अटिजमसम्बन्धी अपाङ्गता रहेको छ ।

**२.१० उमेर समूहअनुसार जनसंख्या र अपाङ्गता :** नेपालमा कुल ६,४७,७४४ जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिएको छ । अपाङ्गता भएका व्यक्तिहरुमध्ये ५ वर्ष उमेर समूहअनुसार हेर्दा सबैभन्दा बढी (९.६%) अपाङ्गता ७५ वर्ष र सोभन्दा माथिल्लो उमेर समूहमा देखिएको छ भने सबैभन्दा कम (१.१%) अपाङ्गता ० देखि ४ वर्ष उमेर समूहमा रहेको छ । पुरुषतर्फ ७५ वर्ष र सोभन्दा माथि ९.९ प्रतिशत र महिलातर्फ ९.२ प्रतिशतमा अपाङ्गता रहेको देखिन्छ । (राष्ट्रिय जनगणना २०७८ अनुसार)

**पहुँच र सहभागिता**

शिक्षामा अपांगता भएका बढीभन्दा बढी बालबालिकाको पहुँच अभिवृद्धि गर्न सरकारले विभिन्न अपांगतामैत्री शैक्षिक योजना कार्यान्वयनमा ल्याउनु आवश्यक छ भने समावेशी शिक्षाको मुल्य मान्यता अनुरुप सम्बन्धित सरोकारवालाहरुका सुझाव र सहमतिमा पाठयक्रम र पाठयपुस्तकमा समयसापेक्ष सुधार गर्दै जानुपर्ने आवश्यकता देखिन्छ ।

सबैभन्दा प्रमुख कुरा उनीहरुले अध्ययन गर्ने शिक्षण संस्थाका भौतिक संरचना अपांगतामैत्री बनाउने , दृष्टिविहीन बालबालिकको अध्ययन गर्ने पाठयक्रम तथा पाठयपुस्तकहरुमा सन्चारका आधुनिक प्रविधि जस्तै : सिडी,पेनड्राइभ, मोबाइल , कम्प्युटर आदि जस्ता साधन उपयोग गर्ने व्यवस्था मिलाउने र दृष्टिविहीन विद्यार्थीका हकमा उनीहरुको संवेदनशील

अवस्थालाई दृष्टिगत गरी हाल एकीकृत परीषा प्रणाली अन्तर्गत सोधिने गरिउको गणित, चित्रात्मक वा दृश्यात्मक प्रश्नपत्रहरुको साटो दृष्टिविहीन विद्यार्थीहरुको लागि मात्रै भन्ने स्पष्ट सङ्कत हुनेगरी वैकल्पिक प्रश्नपत्रको व्यवस्था हुनु अति नै आवश्यक देखिन्छ । किनकि,विद्यमान परीषा प्रणाली अन्तर्गत दृष्टिविहीन विद्यार्थीलाई सोधिने यस्ता प्रश्नपत्रहरुको व्यवस्थाले उनीहरु अत्यन्तै मर्कामा परिरहेका छन् । यसबाट उनीहरु अध्ययनका दृष्टिले प्रतिभावान भए पनि अन्य परीषार्थीसँग प्रतिस्पर्धा गर्न कठिनाइ महशुस गरिरहेका छन् । निश्चय पनि अपांगता भएका बालबालिकाले यदि अन्य बालबालिकाले शैक्षिक तथा अतिरिक्त कियाकलापहरुमा सकिय सहभागिता जनाउने अवसर प्राप्त गर्ने र अवसरहरको पुर्ण सदुपयोग गर्न समेत पाउने हो भने उनीहरु समाजका लागि कुशल र उत्पादनशील नागरिक बन्न सछन् । (राष्टिय अपांग महासघं नेपाल डिसिम्बर २८ २०१९)

## २.११ अपांगताको परिभाषा तथा वर्गीकरण

### १. अपांगताको परिभाषा

अपांगताको भएका व्याक्तिको अधिकार सम्बन्धी ऐन, २०४७ अनुसार अपांगता भएका व्याक्ति भन्नाले शारीरिक , मानसिक , बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालिन अशक्तता,कार्यगत सीमीतता फड्सनल इम्पेरिमेन्ट वा विद्यामा अवरोधको कारण अन्य व्यक्ति समुह समान आधारमा पुर्ण र प्रभावकारी ढङ्गले समाजिक जिवनमा सहभागि हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

### २. अपांगताको वर्गीकरण

क. **शारीरिक अपांगता** : स्नायु मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सन्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सन्चालन , प्रयोग र हिँडडुलमा समस्या जस्तै : बाल पक्षघात पोलियो शारीरिक अङ्विहिन , कुष्ठप्रभाव , मांसपेशि विचलन मस्कुलर डिस्ट्रोफि, जोर्नी र मेरुदण्डसम्बन्धी स्थायी समस्या, क्लवफिट पैताला फर्केको , रिकेट्स हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाईभन्दा ज्यादै कमउचाई भएको व्याक्ति ।

ख. **दृष्टिसम्बन्धीत अपांगता** : दृष्टिसम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार , रुप र रङ्गको ज्ञान नहुने ,

**१. दृष्टिविहीनता :** औषधि , शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दुरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलोलाइनको अक्षर ३ /६० मा पढ्न नसक्ने व्याक्ति ।

**२. न्युनदृष्टियुक्त :** औषधि , शल्यचिकित्सा , चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दुरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर ३ /६० मा पढ्न नसक्ने ।

**पुर्ण दृष्टिविहीव :** पुर्ण रुपमा उज्यालो वा अँध्यारो छुटाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइ्नको अक्षर ३ /६० मा पढ्न नसक्ने ।

**३ पुर्ण दृष्टिविहीन :** पुर्ण रुपमा उज्यालो वा अँध्यारो छुटाउन नसक्ने व्यक्ति ।

**ग. सुनाइसम्बन्धी अपांगता :** सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान , उतारचढाव तथा स्वरको मात्रा र गुण छुटयाउन नसक्ने ।

**१. बहिरा :** असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सन्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्याक्ति ।

**२. सुस्तश्रवण :** सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठी देखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्याक्ति

**घ. श्रवणदृष्टिविहीन अपांगता :** सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपांगता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपांगताको संयुक्त अन्तक्रिया रहेको व्यक्ति ।

**ङ. स्वर र बोलाई सम्बन्धी अपांगता :** स्वर र बोलाई सम्बन्धी अपांगता उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाई , बोली स्पष्ट नहुने , बोल्दा शब्द वा अक्षर दोहो–याउने व्यक्ति ।

च. मानसिक वा मनोसामाजिक अपांगता : मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण , स्फुर्ती स्मरणशक्ति , भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यात्ति ।

**छ . बौद्धिक अपांगता :** उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकि बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । ( जस्तो : डाउन्स सिन्ड्रम समेत )

**ज. अनुवंशीय रक्तश्रव हेमोलिया सम्बन्धी अपांगता :** अनुवंशीय असरका कारण रगतमा हुने फयाक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

**झ. अटिजम सम्बन्धी अपांगता :** जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यात्ति । जस्तो सन्चार गर्न , सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु , अस्वभाविक प्रतिक्रिया देखाउनु , एउटै क्रिया लगातार दोहोर्याइ रहनु , अरुसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यात्ति ।

# अध्याय ३

# अनुसन्धानका पद्धति

अनुसन्धान पद्धतिले शोध अध्ययनलाई सफर र सार्थक बनाउन भुमिका खेल्दछ यस अध्यानमा अनुसन्धान विधिहरु ऋनुसन्धानको विषय र प्रकृति अनुसार छनोट गरिएको छ । यस समाजसास्त्रिय दृष्टिकोण समाबेशि शिक्षा भित्र पनि बालबालिकाको भौतिक अवस्थाको बारेमा गुणात्मक र परिणात्मक रुपमा शोध अध्ययन गर्न अनुसन्धानमा पद्धतिहरुको प्रयोग गरिएको छ ।

## ३.१ अध्ययनको छनोट र यसको औचित्य

यस अध्ययनको लागि काठमाडौं किर्तिपुर नगरपालिकालाई छनोट गरिएको छ । यस नगरपालिका भित्र रहेका सामुदायिक विद्यालय अपांगता भौतिक रुपमा फरक क्षमता भएका बालबालिकाको भौतिक अवस्थालाई केन्द्रित गरिएको छ । यस अध्ययनको उदेश्यका लागि मैले क्रमश :सामुदायिक विधालय र बोर्डिङ स्कुल भित्र रहेर क्षमता भएका बालबालिकाहरुको भौतिक अवस्था पत्ता लगाउन यो छनौट गरिएको हो । यस अध्यनले शारीरीक रुपमा फरक क्षमता भएका बालबालिकाको शिक्षा भौतिक अवस्था प्राप्त गर्न के कस्ता समस्या रहेका छन् भन्ने बुझ्नका लागि सहयोगि हुनेछ । जसले गर्दा शारीरीक रुपले अपांगता भएका बालबालिकाको शिक्षा सम्बन्धि निति निमार्णका क्रममा यस अध्यनले सहयोग गर्न सकनेछ ।

किर्तिपुर नगरपालिका बागमति प्रदेशमा अवस्थित पहाडि जिल्ला काठमाडौको सदरमुकाम भन्दा बाहिर रहेको नगरपालिका हो उक्त कितिपुर नगरपालिका भित्र रहेका सामुदाय विद्यालय र बोडिङ स्कुलमा शारिरिक रुपमा फरक क्षमता भएका बालबालिकाको शिक्षामा पहुच भौतिक अवस्था बारेमा अध्यन केन्द्रिन रहेको छ । विशेसत यस क्षेत्रका शारिरिक रुपमा फरक क्षमता भएका बालबालिकाहरुसँग उनिहरुले शिक्षा प्राप्त गर्नबाट रहेका दृष्टिले मलाई छोयो जसले मलाई यस विषयमा सोधपत्र तयार गर्न प्रेरेरित गद्दो ।

शारिरिक रुपमा फरक क्षमता भएका बालबालिका अत्यन्त कम मात्रामा अध्यन भएका छन । त्यस मध्ये शारिरिक रुपमा अपांगता भएकाहरुको शिक्षामा पहुच सहभागिता र भौतिक व्यवस्थापन बारेमा कम अध्यन भएको सन्दर्भमा काठमाडौ जिल्ला कितिपुर नगरपालिका

बालबालिकाको शिक्षामा पहुचको अवस्था भौतिक व्यावस्थापनको अवस्था चित्र गर्ने प्रयास यस अध्यनमा गरिएको छ ।

## ३.२ अध्ययनको प्रकृति तथा तथ्याङकको स्रोत

यस अध्यनमा गुणात्मक तथा संख्यात्मक दुबै प्रकारका तथ्याङकको प्रयोग भएका छन् । साथै यहाँ प्रथामिक तथा द्बितिय तथ्याङक प्रयोग भएका छन । प्रथामिक तथ्याङक अध्यान क्षेत्रको सर्बेक्षण, अर्तरवाता प्रश्नवलि लगायतका विधि द्बारा संकलन गरीएको छ भने द्बितिय तथ्याङकका विभिन्न पाठ्यसामाग्रि , पत्रपत्रिका तथा दस्ताबेज पुस्तक आदि माध्यम बाट संकलन लिईएको छ ।

## ३.३ प्रथामिक तथ्याङक

प्रथामिक तथ्याङकहरु अध्यन क्षेत्रको सर्वेक्षण , अवलोकन , प्रश्नवलि अन्तरवार्ता द्बारा संकलन गरिएको छ । विशेषत शारिरिक रुपमा फरक क्षमता भएका बालबालिका रहेका विद्यालय अध्ययन तथा सर्बेक्षणमा शारिरिक रुपमा अपांगता भएका बालबालिका तथा शिक्षकहरुलाई सहभागि गाइएको छ । निश्चित विद्यालयलाई नमुनाको रुपमा लिईएको छ ।

## ३.४ द्बितिय तथ्याङक

द्बितिय तथ्याङकलाई पनि यस अध्ययनका महत्वपुर्ण स्रोतका रुपमा लिईएको छ । विभिन्न प्रकाशित तथा अप्रकाशित लेख रचंना पुस्तक, पत्रत्रिका तथा सरकारी दशताबेच विभिन्न स्रोत अनुसन्धानका पत्रहरु यसका द्बितिय तथ्याङकको रुपमा लिईएको छ ।

## ३.५ नमुना प्राप्त विधि

विशेषत काठमाडौ जिल्ला कितिपुर नगरपालिका भित्र रहेका लेबोरेटरी माध्यमिक विद्यालय, बाल कल्याण विद्यालय ,मस्तिक पक्षाघात स्वावलम्वन अभिभावक समुह विद्यालयबाट ७० जना बालबालिकालाई नमुनाको रुपमा लिई अतरवार्ता र तथ्याङ विधिबाट डाटा संकलन गरीएको छ । मैले ७० जना बालबालिकालाई संर्मग विधिबाट नमुना परिक्षण गरीएको छ । जसमा शारीरिक अपांगता ६ जना दृष्टिविहिन तथा न्युन दृष्टि २० जना , बहिरो तथा सुस्थ श्रवण ८ जना बौद्धिक अपांगता १६ , बोलि सम्बन्धि अपांगता १३, बहु अपांगता ७ , रहेका

छन् । अपांगता भएका बालबालिकाहरुको सर्बेक्षण अवलोकन , छलफल लगायतका सर्मग विधि प्रयोग गरिएको  जसमा ब्रामण २० जना, क्षेत्री ३१ जना , मगर १० जना गुरुङ ९ जना विभिन्न खालका अपांगता भएका बालबालिका रहेका छन ।

## ३.६ अध्ययनको समग्रता तथा नमुना छनोट

यस अध्ययन काठमाडौ जिल्लाको कितिपुर नगरपालीका भित्र रहेका मस्तिक पक्षाघात स्वावलम्वन अभिभावक समुह , लेबोरेटरी माध्यमिक विद्यालय, बाल कल्याण विद्यालयलाई समाबेस गरिएको छ । विशेषत विद्यालयमा भएका बौद्धिक अंपागता , सुस्त मनस्थिति, भएका सबै १ देखि ५ कक्षा सम्म पढ्ने शारीरीक रुपमा फरक क्षमता भएका बालबालिकालाई समाबेश गरिएको छ । सरकारी स्कुल, बोडिङ स्कुललाई अध्ययनको समग्रताको रुपमा छनोट गरिएको छ । ति बालबालिकालाई भौतिक व्यवस्था कस्ता रहेका छन् भन्ने बारेमा बालबालिका र शिक्षकहरुसंग प्रत्यक्ष अन्तरवार्ता विधिको प्रयोग गरीएको छ विधिको प्रयोग गरिएको छ भन्ने भौतिक व्यवस्थापन विदेशि अनुदान विभिन्न सङसस्थाको सहयोग बिभिन्न स्रोत सन्चालन कार्यक्रम एकमुठ अनुदान  छात्रबृद्धि विवरण विद्यार्थिको रुचि क्षमता कक्षा कोठाको व्यवस्थापन पनि सङसगै अध्ययन गरिएको छ ,

प्रत्येक सामुदायिक विद्यालयमा गई २०,जना २५,जना र २५ जना विद्यार्थि २० जना शिक्षक लाई छनोट गरी ७० जना विद्यापर्थ र २० जना शिक्षक बाट नमुना छनोट संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन विधि

यो अध्यन मुख्यतथा प्राथामिक र द्धितिय स्रोतमा आधारीत रहेको छ । यो प्रथामिक तथ्याङ्क अध्यन क्षेत्रबाट संकलन गरिएको छ

## ३.८ तथ्याङकको प्रस्तुतीकरण तथा विश्लेषण

यस अध्यायमा अंपागता सम्बन्धी संकलन गरिएका तथ्याङकहरु तालिका तथा चित्रद्धारा प्रस्तुतीकरण गरिन्छ । यहाँ प्राथमिक तथा आवश्यकता अनुसार द्धितिय तथ्याङक प्रयोग गरिएको छ । विशेषगरी अपांगता भएका बालबालिकाको शिक्षामा पहँचको अविस्था, शिक्षा प्राप्तिमा रहेका समस्याहरु लगायतका विषयमा अध्ययन केन्द्रित गरिएको छ । यो अध्यनका

लागि निश्चित समयलाई तोकिएर स्थलगत भम्रण बाट गरीएको छ । तथ्याङक संकलन गर्नका लागि प्रश्नवलि, अन्तरवार्ता र अवलोकन विधिको प्रयोग गरिएको छ ।

### ३.९ तथ्याङ्कको विश्लेषण र प्रस्तुति

प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण र प्रस्तुतिकरण गर्नु शोध अध्ययनको मुख्य चरण हो । विश्लेषण र प्रस्तुतिकरणको यस चरणमा प्राप्त तथ्याङक प्रस्तुति गरि विवेचना गरिएको छ । तथ्याङक सङ्कलन गरिसकेपछि त्यसको अर्थपुर्ण नतिजाको लागि उपयुक्त विशेषण र प्रस्तुतिकरण र द्धतिय तथ्याङ्कहरु संकलन गरिसकेपछि यसको विशेषता अनुसार वगिकरण गरी तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुतिकरण गरी नर्णनात्मक र विश्लेषणात्मक तरिकाले समेत प्रस्तुतिकरण गरिएको छ ।

### ३.१० अन्तरवार्ता

यो एक प्रश्नवलि अनुसुचि हो जुन प्रश्नवलिमा शोधकर्ता स्वयम सम्बन्धित अध्ययन क्षेत्रका ७० जना विद्यार्थि बालबालिका र शिक्षकहरुसंग वा उत्तरदाताहरुसंग प्रश्नवलिको सहायताले अन्तरवार्ता लिइएको छ । जसमा बालबालिका लागि वैयक्तिक विवरण, शैक्षिक तथा स्वास्थ्य स्थिति, शारीरिक रुपमा कस्तो किसिमको अपांगता , बनुका कारणहरु , भोग्नु परेका समस्याहरु परिवारका अन्य सदस्यहरु संगको सम्बन्ध शारिरिक रुपमा फरक क्षमता भएका बालबालिका भनेर राख्नुका कारणहरु आदिबारे प्रत्यक्ष रुपमा सोधि जानकारी संकलन गरीएको छ ।

### ३.११ अवलोकन

आवश्यक प्रश्नहरु संकलन गनुका साथै आवश्यक तथ्याङ्क र जानकारी संकलन गर्न अवलोकन विधिको प्रयोग गरीएको छ यो विधिको प्रयोगले उनिहरुको शारिरिक रुपमा फरक क्षमता भएका बालबालिका , भौतिक व्यवस्थापनको अवस्था जानकारी लिईएको छ । बालबालिकालाई परिवार, समाज ,शिक्षक , र समुदायले गर्ने व्याहारको अवलोकन गरिएको छ । यस प्रक्रियाका लागि फिल्डमा गएर बालबालिकाहरुको अवस्था भौतिक अवस्था सरसफाईको अवस्था , शारिरिक अवस्था शिक्षकको व्यहार सम्बन्धि केहि गुणात्मक जानकारी संकलन गरीएको छ र उक्त कार्यका लागि अवलोकन लाई पुर्णता दिनका लागि

एउटा डायरी सम्पुर्ण विवरण लेखिएको छ ।

तिन वटै विद्यालयमा संमग अवलोकन गर्दा तिनिहरुको विद्यालयको वरिपरि हरियालि वातावरण र विद्यार्थिहरुलाई खेल्नको लागि सुबिधा जनक सामाग्रीहरु प्रत्यक्ष रुपमा हेर्न पाईयो तिनिहरुको बस्ने व्यवस्थापन  शिक्षण, सिकाई शिक्षकहरुले गरेको हेरचाह न्यानो माया प्रत्यक्ष रुपमा हेर्न पाईयो अपांगहरुको लागि थेरापि अन्य सामाग्रिहरु पनि अवलोकन गर्न पाईयो । विद्यार्थिहरुले शिक्षकहरुलाई गर्ने व्यवहार अवलोकन गर्ने मौका पाईयो ।

# अध्याय ४

# तथ्याङकको प्रस्तुतीकरण तथा विश्लेषण

यस अध्यायमा अंपागता सम्बन्धी संकलन गरिएका तथ्याङकहरु तालिका तथा चित्रद्धारा प्रस्तुतीकरण गरिन्छ । यहाँ प्राथमिक  तथा आवश्यकता अनुसार द्धितिय तथ्याङक प्रयोग गरिएको छ । विशेषगरी अपांगता भएका बालबालिकाको शिक्षामा पहुँचको अवस्था, शिक्षा प्राप्तिमा रहेका  समस्याहरु लगायतका विषया अध्ययन केन्द्रित रहनेछ ।

## ४.१ लैङ्गीक संरचना

कुनै पनि समस्याको अध्ययन अनुसन्धान गर्दा पुरै अंशको अध्ययन प्रयोगात्मक रुपले गर्न कठिन हुन्छ । यसरी समय,साधन र खर्चको हिसावले बढी जटिल र अस्भाविक नहोस् भन्ने उद्देश्यले प्रस्तावित क्षेत्रबाट प्रतिनिधित्व हुनु गरि नमूना छनौट गरिएको छ । यस अध्ययनके लागि अपाङ्ग बालबालिकाहरु संकलन विशेष शिक्षा लागू भएका  किर्तीपुर नगरपालिकालाई लिइएको थियो । जुन निम्नानुसार छन् ।

**तालिका नं ४.१**

**अध्ययनमा संलग्न संस्था र व्याक्ति**

| सि.न | विद्यालयको नाम | पुरुष | महिला | कुलसंख्या |
|---|---|---|---|---|
| १ | लेबोरेटरी माध्यमिक विद्यालय | ११ | ९ | २० |
| २ | बाल कल्याण विद्यालय | २१ | ४ | २५ |
| ३ | मस्तिष्क पक्षाघात स्वावलम्वन अभिभावक समुह | १० | १५ | २५ |
| ४ | किर्तिपुर नगरपालिका भित्र रहेका सामुदाय विद्यालयमा  शारिरिक रुपमा फरक क्षमता भएका बालबालिका | ४२ | २८ | ७० |

**श्रोत : स्थलगत सर्बेक्षण , २०८१**

यस अध्ययनका लागि किर्तीपुर नगरपालिका भएका ७० बालबालिकाहरु , ती बालबालिकाका मध्ये ४२ पुरुष र २८ महिला  संलग्न रहेका छन् । नमुनाको रुपमाा छनौट भएका बालबालिकासँग उनीहरुको शिक्षाको अवस्था, शिक्षा प्राप्त गर्न रहेको समस्या,

अभिभावकहरुको सरकार प्रतिकको अपेक्षा, लगायतका विषयमा विभिन्न विधिद्धारा गुणात्मक तथा संख्यात्मक तथ्याङ्क लिइएको छ ।

### ४.२ नियमित स्कुल आउने बालबालिकाको लैङ्गिक संरचना

यस सर्बक्षणमा यस कीर्तीपुर नगरपालिकामा रहेका सामुदाय विद्यालय र बोर्डिङ विद्यालयमा नियमित स्कुल आउने गनु भएको छ कि छैन भन्ने बालबालिकाहरुलाई सोधपुछ गर्दा कतिपय बालबालिकाहरुले घरदेखि विद्यालयको दुरी टाढा भएको । सौतेनि आमाको कारण साथिहरुले जिस्काउने नराम्रो ब्यबार भएर विद्यालय नियमित नआउने तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**नियमित विद्यालय आउने सम्बनधि जानकारी ।**

**तालिका नं ४.२**

| जनकारी | उत्तरदाताको संख्या | प्रतीशत |
|---|---|---|
| छ | ५५ | ७८.५८ |
| छैन | १५ | २१.४२ |
| जम्मा | ७० | १०० प्रतिसत |

**स्रोत स्थलगत सर्बेक्षण २०८१**

पाईयो प्रस्तुत तालिका न. ४.२ ले देखाए अनुसार कुल बालबालिकाहरु मध्ये ७८.५८ प्रतिशत बालबालिकाहरु नियमित विद्यालय आउने गरेको पाईयो त्यसै गरी बाकि २१.४२ प्रतिशत बालबालिकाहरु नियमित विद्यालय नआउने गरेको पाईयो ।

### ४.३ अपांगता भएका बालबालिकाको लैगिक संरचना

अपांगता भएका बालबालिकाहरुको अध्ययनको क्रममा अपांगता भएका बालबालिकाहरु पूर्ण रुपमा आफ्ना विचार तथा समस्या लगायतका कुराहरु राख्न नसक्ने कतिपय अवस्थामा उनीहरुका अभिभावकहरुले सहयोग गरेका छन् । तलको तालिकामा अध्ययनको क्रममा सहभागीहरुको लैगिंक बनावटलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**सहभागीरुको लैगिंक संरचन**

| अपांगताको प्रकार | लैगिंक संरचना | | |
|---|---|---|---|
| | पुरुष | महिला | अन्य |
| शारीरीक अपांगता | ४ | २ | - |
| दृष्टिबिहिन तथा न्यून दृष्टि | ८ | १२ | - |
| बहिरा तथा सुस्त श्रवण | ६ | २ | - |
| मानसिक अपांगता | - | - | - |
| बोली सम्बन्धी अपांगता | १० | ३ | - |
| बौद्धिक अपांगता | ९ | ७ | - |
| बहु अपांगता | ५ | २ | - |
| जम्मा जनसंख्या प्रतिशत | ६०% | ४०% | - |

**२०८१) (स्रोतः स्थालगत सर्वेक्षण,**

२ अध्ययनको क्रममा सहभागी मध्ये ६० प्रतिशत बालक तथा ४० प्रतिशत बालिका रहेका थिए । जसा शारीरिक अपांगता भएका मध्ये पुरुषको संख्या ४ तथा महिलाकृ संख्य ा२ रहेको छ । त्यस्तै दृष्टि सम्बन्धी अपांगता भएका पुरुषको संख्या ८ तथा महिलाको १२ रहेको छ। बहिरा तथा सुस्त श्रवण भएकामा ६ जना पुरुष तथा जना महिला रहेका छन् ।। बोली सम्बन्धी  अपांगता १० जना पुरुष र ३ जना महिला रहेका छन् । बौद्धिक अपांगता ३ पुरुष तथा ७ महिलामा रहेको देखिएको छ । बहुअपांगता ५ पुरुष तथा २ महिलामा रहेको देखिएको छ । यसरी जम्मा २२ जना पुरुष र १८ जना महिलामा विभिन्न किसिमका अपांगता रहेको देखिएको छ ।

## ४.४ जातजाति अनुसार अपांगता प्रकार तथा संख्या

अध्ययन क्षेत्रमा विभिन्न जातजातिको बसोबास रहेको छ । जसमा अध्ययनको क्रममा भेटिएका विभिन्न फरक फरक जातजातिका अपांगता भएका बालबालिकालाई तलको तालिकाा प्रस्तुत छ ।

**तालिका नं. ४.४**

**जातजाती अनुसार जनसंख्या संरचना**

| जातजाती | अपांगताको प्रकार | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | दृष्टि सम्बन्धी | बहिरा | मानसिक | बहु अपांगता | बोली सम्बन्धी | बौद्धिक अपांगता | अन्य | |
| ब्रामण | ३ | ७ | २ | – | १ | ३ | ४ | – | २० |
| क्षेत्री | २ | ७ | ४ | – | ५ | ५ | ८ | – | ३१ |
| मगर | | ३ | १ | – | १ | ३ | २ | – | १० |
| गुरुङ | १ | ३ | १ | – | | २ | २ | – | ९ |
| जम्मा | ८.५८ % | २८.५८ % | ११.४२ % | – | १० % | १८.५८ % | २२.८५ % | – | १०० % |

(स्रोतः स्थालगत सर्वेक्षण, २०८१)

माथिको तालिकाले यो देखाउछ की अध्ययन क्षेत्रमा मुख्य रुपमा क्षेत्री जातीमा ३१ जना बालबालिका रहेका छन् । दोस्रो ब्रामण जातिमा २० जना रहेका छन् भने तेस्रो संख्या मगर जातिमा १० जना रहेको छन् र सबैभन्दा कम गुरुङ जातिमा ९ जना रहेको छ ।

## ४..५ अपांगताको प्रकार तथा अपांगता भएका बालबालिकाको संख्या

अध्ययन क्षेत्रको गहिरिएर अध्ययन गर्ने क्रममा विभिन्न किसिमका अपांगता भएका बालबालिकारु सहभागी रहेका थिए । ती सहभागी विभिन्न ७ प्रकारका अपांगता भएए बालबालिकाहरु र तीनको फरक फरक अपांगताको प्रकार अनुसारको संख्या तलको तालिका तथा चित्रमा व्यक्ति गरिएको छ ।

**तालिका नं. ४.५**

**छनौट गरिएको बालबालिकाको अपांगताका प्रकृति अनुसार जनसंख्या**

| क्र.सं. | अपांगताको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | शारीरिक अपांगता | ६ | ८.५७% |
| २. | दृष्टिबिहिन तथा न्यून दृष्टि | २० | २८.५७% |
| ३. | बहिरा तथा सुस्त श्रवण | ८ | ११.४२% |
| ४. | बौद्धिक अपांगता | १६ | २२.८५ % |
| ५. | मानसिक अपांगता | - | - |
| ६. | बोली सम्बन्धी अपांगता | १३ | १८.५७% |
| ७. | बहु अपांगत | ७ | १०% |
| | जम्मा | ७० | १००% |

(**स्रोतः स्थालगत सर्वेक्षण, २०८१**)

प्रस्तुत तालिकामा कीर्तिपुर नगरपालिकामा रहेको अपांगता भएका बालबालिकाको संख्या देखाइएको छ । जसा अध्ययन क्षेत्रमा रहेका ५ देखि १९ वर्ष भित्रका लगभग सबै बालबालिकालाई नमुनाको रुपमा लिइएको छ । कीर्तिपुर नगरपालिकाका अपांगता भएका बालबालिकाको अपांगताको प्रकार अनुसार संख्या देखाइएको छ । जसमा ७० जना बालबालिका सहभागी भएका छन् । सबैभन्दा बढी २८.५७% प्रतिशत बालबालिका दृष्टिबिहिन भएका छन् । त्यस्तै गरी बौद्धिक अपांगता भएका बालबालिका २२.८५% रहेका छन् । १८ % बोलि सम्बन्धि अपांगता देखिएको छ , बहिरो तथा श्रवण ११.४२ % रहेका छन् । बहु अपांग र शारिरिक अपांगता भएका बालबालिकाहरु क्रमश १० % र ८.५७ % रहेका छन् । त्यस्तै मानसिक अपांगता भएका बालबालिका ० प्रतिशत रहेका छन् ।

### ४.६ सहभागीहरुका अपांगताको कारण (प्रतिशतमा)

अपांगता विभिन्न कारणले हुने गर्दछ । विशेषगरी कति जन्मजात अपांगता भएर जन्मिएका हुन्छन् भने कतिपयलाई विभिन्न रोगका कारण अपांगता हुने गर्दछ , भने कतिपय दुर्घटनाका कारण पनि अपांगता हुने गर्दछ । त्यसैले यहाँ अध्ययनको क्रममा सहभागीहरुमा रहेको अपांगताको कारण तथा संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

**सहभागिताहरुका अपांगताको कारण (प्रतिशतमा)**

| अपांगताको प्रकार | अपांगताको कारण | | | |
|---|---|---|---|---|
| | जन्मजात | दुर्घटना | रोग तथा बिमारी | जम्मा |
| शारीरीक अपांगता | ४ | | २ | ६ |
| दृष्टिबिहिन तथा न्यून दृष्टि | १८ | | २ | २० |
| बहिरा तथा सुस्त श्रवण | ८ | | - | ८ |
| मानसिक अपांगता | - | - | - | |
| बोली सम्ब्न्धी अपांगता | १३ | - | - | १३ |
| बौद्धिक अपांगता | १६ | | | १६ |
| बहु अपांगता | ५ | | २ | ५ |
| जम्मा जनसंख्या प्रतिशत | ९१.४३% | | ८.५७ % | १०० % |

**(स्रोतः स्थालगत सर्वेक्षण, २०८१)**

माथिको तालिका नं. ७ अनुसार ७० प्रतिशत बालबालिकामा जन्मजात अपांगतामा ८.५७ प्रतिशत बालबालिकामा रोग तथा बिरामी अपांगता भएको देखिन्छ । दृष्टिबहिरा अपांगता, बोलि सम्बन्धि अपांगता, बौद्धिक अपांगता, बहुअपांगता ९१.४३ प्रतिशत नै जन्मजात रहेको देखिन्छ ।

### ४.७ विद्यालय सम्म आउन प्रयोग गरीएको साधन

बालबालिकाहरु प्रयाजसो विद्यालय सम्म आउनको लागि बालबालिकाहरुको भनाई अनुसार पैदल यात्रा भन्दा गाडिमा आउने गरेको पाईयो किनभने घरदेखि विद्यालयको दुरी धैरै टाढा भएको पाईयो तलको तालिकामा उनिहरुले विद्यालय सम्म आउन प्रयोग गरिएको साधन बारे जानकारी प्रस्तुत गरीएको छ ।

**तालिका नं ४.७**

| साधन | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| गाडि | ४५ | ६४.२९ |
| पैदल यात्रा | २५ | ३५.७१ |
| अन्य | ० | ० |
| जम्मा | ७० | १०० |

**स्रोत स्थलगत सर्बेक्षण २०८१**

कुल ७० जना बालबालिकाहरुमध्ये ६४.२९ प्रतिशत बालबालिकाहरुले गाडिमा आउने गरेको पाईयो त्यस्तै ३५.७१ बलबालिकाहरुले पैदल यात्रा आउने गरेको पाईयो पैदल यात्रा आउने बालबालिकाहरुले अनेक समस्याहरु देखाएको पाईयो ।

### ४.८ विद्यालयमा सार्थिहरुले गर्ने व्यवहार

अध्ययन गर्ने क्रममा बालबालिकाहरुले सार्थिभाईहरु संग गर्ने व्यहार सोध्दा सहयोग गनुहुन्छ र समय बितेको थाहा नपाको बताका छन ्‌ त्यसै क्रममा फुसदको समयमा साथिभाईहरु एक ठाउँ भेला भएर रमाईलो गर्ने बताएका छन् । उनिहरुबाट प्राप्त भएको जानकारीलाई तलको तालिकमा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.८**

| व्यवहार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग गर्नुहुन्छ | ५८ | ८२.८५ |
| गिज्याउनु गर्नुहुन्छ | ३ | ४.२९ |
| व्यवस्था गर्नुहुन्छ | ० | ० |
| समान गर्नुहुन्छ | ९ | १२.८६ |
| जम्मा | ७० | १०० |

**स्रोत स्थलगत सर्बेक्षण २०८१**

तालिका नं ४.९ ले देखाए अनुसार कुल बालबालिकाहरु मध्ये ८२.८५ प्रतिशतले विद्यालयमा साथिहरुले सहयोग गनु हुन्छ भनेको पाईयो र ४.२९ प्रतिशतल

बालबालिकाहरुले जिस्काउने गनुहुन्छ भन्ने तथ्य पार्ययो १२.८६ प्रतिशतल बालबालिकाहरुले सम्मान गर्नु हुन्छ त्यस्तै गरी ० प्रतिशतले व्यवस्था गनुहुन्छ भन्ने तथ्य बताएका पाईयो ।

**४.९ विद्यालयमा शिक्षकहरुले पढाउने सम्बन्धमा**

कुनै पनि बालबालिकाहरुले आफनो प्रस्थितिले भबिस्यको लक्ष्य पुरा गर्न नसकिएलाकि भन्ने सोच गरेको पाईयो र विद्यालयमा शिक्षकहरुले पढाएको आधमा विद्यालय आउन राम्रो सोच रहेको पाईयो जस्लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.९**

| पढाउने सन्र्दभमा | उत्तरदाताको सख्या | प्रतिशत |
|---|---|---|
| अलिअलि | २८ | ४० |
| अलिकति पनि बुझ्दिन | ७ | १० |
| बुझ्छु | २० | २८.५८ |
| बुझ्दिन | १५ | २१.४२ |
| जम्मा | ७० | १०० |

**स्रोत स्थलगत सर्बेक्षण २०८१**

मथिको तालिका नं ४.९ ले देखाय अनुसार ४० प्रतिशत बालबालिकाहरुले अलिअलि बुज्ने बताएको पाईयो त्यसै गरी १० प्रतिशत बालबालिकाहरुले अलिकति पनि बुझ्दिन भनेका छन् । २८.५८ प्रतिशत बालबालिकाहरुले शिक्षकहरुले पढाएको बुझ्छु भनेको पाईयो र २१.४२ प्रतिशत बालबालिकाहरुले शिक्षकले पढाएको बुझ्दिन भन्ने जानकारी पाईयो ।

**४.१० अध्ययन जान नचाहने कारणबारे बालबालिकाहरुको प्रतिक्रिया**

प्राय: विद्यालयमा अपांगता भएका बालबालिकाको लागि उचित वातावरणको अभाव हुने हुँदा विद्यालय जान नसक्ने तथा जान नचाहने अध्ययनको क्रममा भेटियो । अध्ययनको क्रममा विद्यालय किन जान चाहदैनौ भनि सोधेको प्रश्ना विभिन्न बालबालिकारुले दिएको प्रतिक्रिया तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१०**

**अध्ययन जान नचाहने कारण बारे बालबालिकाहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | भौतिक पूवाधार अपांगमैत्री नभएर | २ |
| २. | गरिबिको कारण | १९ |
| ३. | शिक्षाको महत्व नबुझेर | १४ |
| ४. | भाषाको समस्याका कारण | २० |
| ५. | विद्यालय टाढा भएर | १५ |

(**स्रोतः स्थालगत सर्वेक्षण, २०८१**)

तालिका नं. ४.१० अनुसार २ जना बालबालिकाले भौतिक पूर्वाधारको अभावका कारण विद्यालय नजाने गरेको बताए । उनीहरुो अनुसार विद्यालय जाने बाटो देखि विद्यालयका भौतिक पूर्वाधार अपांगमैत्री नभएको कारणले  विद्यालय नजाने गरेको बताए । त्यस्तै १९ जना  बालबालिकाहरुले गरिबीको कारणले विद्यालय नगएको बताए । १४ जना बालबालिका तथा उनीहरुका अभिभावकले शिक्षाको महत्व नबुझेको जस्तो पाइयो । अपांगता भएको बच्चाले पढेर के गर्छ भन्ने प्रकारको धारणा उहाँहरुको रहेको थियो । २० जना बालबालिकाले स्थानिय विद्यालय जाने गरेको तर भाषा नवुझ्ने कारण विद्यालय जान बन्द गरेको बताए । उनीहरु बहिरा भएका कारण अन्य सुन्न सक्ने बालबालिका सँग पढ्दा पढाएको नबुझिने कारणले विद्यालय नजाने गरेको बताए । तिनीहरुमध्ये केही र अन्य १५ जना बालबालिकाले  विद्यालय टाढा रहेको कारणले विद्यालय नजाने गरेको बताए ।

## ४.११ विद्यालय भर्ना हुने विद्यार्थी तथा उमेर

अध्ययनको क्रममा अपांगता भएका बालबालिका विद्यालय अन्य बालबालिको तुलनाा ढिलो मात्र भर्ना हुने गरेको पाईन्छ । यस अध्ययन नमुनाको रुपमा छनौट भएका बालबालिका पनि प्रायः उमेर बढी भएपछि मात्र विद्यालय भर्ना भएको पाईयो जसले उनीहरुको सिकाइ प्रक्रियाा ठुलो असर गरेको पाईन्छ । विभिन्न उमेर समुह भित्र विद्यालय भर्ना भएका बालबालिकाको तथ्यांक तलको तालिकाबाट हेर्न सकिन्छ।

**तालिका नं. ४.११**

**पहिलो पटक विद्यालय भर्ना हुने विद्यार्थी तथा उमेर**

| विद्यार्थीको उमेर समुह | विद्यार्थी संख्या |
|---|---|
| ६-१६ | ३२ |
| १६-२६ | २८ |
| २६-३६ | ७ |
| ३६-४६ | ३ |

**(स्रोतः स्थालगत सर्वेक्षण, २०८१)**

माथिको तालिका अनुसार अपांगता भएका बालबालिका विद्यालय भर्ना हुने उमेर अन्य सामान्य बालबालिकाको भन्दा बढी देखिएको छ । सामान्तयाः अन्य बालबालिकाहरु छ वर्षको उमेर सम्ममा विद्यालय भर्ना भएर  औपचारिक शिक्षा लिन सुरु गरिसक्दछन् । तर अपांगता भएका बालबालिकारुको भर्ना ठुलो उमेरा हुने गरेको देखियो । सर्वेक्षणका क्रममा ६ देखि १६ वर्षको उमेरका भर्ना हुने बालबालिका जम्मा ३२ जना मात्र भेटिएको थिए । २८ जना बालबालिका १६ देखि २६ वर्षको उमेरमा  विद्यालयमा अध्ययन  गरेको भेटियो । ७ जना बालबालिका २६ देखि ३६ वर्षको उमेरमा विद्यालयमा  जाने बालबालिका रहेछन । त्यस्तै  ३ जना बालबालिकाहरु ३६ देखि ४६ वर्षमा  विद्यालय जाने बालबालिका रहेका थिए ।

यी बालबालिका मध्ये धेरै विद्यालयमा रहेका छन् । अपांगताको आवश्यकता अनुसारको भौतिक संरचना नभएर, आफूले बुझ्ने भाषा( सांकेतिक भाषा) नभएर तथा अपांगताका अवस्था अनुसारका अन्य सुविधा नभएर र सुविधा भए विद्यालय जानका लागि आर्थिक अवस्था राम्रो नभएर विद्यालय जान छोडेको उनीहरुको गुनासो रहेता पनि विद्यालय गएको पाइयो । प्रायः बालबालिकाहरु ठुलो भए आफैले शिक्षाको महत्व बुझेपछि मात्र विद्यालय जान थालेको बताए ।

**६ बर्ष देखि १६ बषर्को  ३६ बर्ष देखि ४६ बर्षको अन्तर सम्बन्ध**

अध्ययनको शिलसिलामा प्रत्यक्ष स्वयम तथ्याङ्क संकलन गर्दा ३६ देखि ४७ बर्षको विद्यार्थिले विद्यालयमा हुने विभिन्न प्रकारका शारिरिक ब्यायम गर्दा सबै कुराहरु  सहज तरिकाले शिक्षक शिक्षिकाले भनेको कुरा सहजै सुईकार्यको महसुस गरेता पनि अनुशासित रहेको त्यस्तै गरी ६ बर्ष देखि १६ बर्ष सम्मको बालबालिकाहरुको संमता , भन्दा पनि शारिरिक रुपमा अशक्षमता पाईयो । स्मरण शक्तिकम रहेको पाईयो शिक्षक शिक्षिकाले भनेको सहज तरिकाले नअपनायको पाईयो र अनुशानको नरहेको पाईयो ६ देखि १६ बर्षको र ३६ देखि ४७ बर्षको अन्तर सम्बन्धमा सोच्न सक्ने क्षमता ग्रहण गर्ने क्षमता प्रत्यक्ष अवलोकन र प्रश्न गर्दा धेरै फरक पाईयो ।

# अध्याय ५

# अध्ययनको सांरश, प्राप्ति, निष्कर्ष तथा सुझावहरु

## ५.१ सांरश

प्रस्तुत अध्ययन अपांगता भएका बालबालिकाको शिक्षामा पहुँच तथा शिक्षा प्राप्त गर्नमा रहेका समस्या पहिचान गर्ने उद्देश्यले गरिएको हो । विशेषत यो अध्ययन काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिकाका अपांगता भएका बालबालिकामा केन्द्रित भइ गरिएको छ । अध्ययनमा उक्त क्षेत्रका ७० जना अपांगता भएका बालबालिका सहभागी रहेको छन् ।अध्ययन पश्चात उक्त क्षेत्रमा अपांगता भएका बालाबालिकाको शिक्षामा पहुँच तथा समस्या पहिल्याईएको छ । काठमाडौं जिल्लामा कीर्तिपुर नगरपालिका क्षेत्रमा बालबालिकाहरु रहेका ६ देखि ४६ बर्ष उमेर समुहमा ७० जना बालबालिकाहरुको संग गरिएको अतरवार्ता तथ्याङ संकलन आधारित रहेको निष्कर्ष निकालिएको छ । सर्बेक्षणको क्रममा ६ देखि १६ बर्षको उमेरमा क्रमश ४५.७१ प्रतिशत ४० प्रतिशत १० प्रतिशत ४.२८ प्रतिशत बालबालिकाहरुको संख्या रहेको छ ।३ वटा विद्यलयमा विभिन्न जातजाति बालबालिकाहरुले अध्यन गरेको पाईन्छ । ब्रामण , क्षेत्रि , मगर , गुरुङ जस्ता बालबालिकाहरु भेटिएका थिए । ब्रामण, २८.५८ प्रतिशत क्षेत्री २८.२९ प्रतिशत , मगर १४.२८ प्रतिशत गुरुङ १२.८५ प्रतिशत रहेको यस अध्ययनले देखाएको छ । कुल ७० जना मध्ये ७८.५८ प्रतिशत बालबालिकाहरु नियमित विद्यालय आउने गरेको पाईयो त्यसै गरी २१.४२ प्रतिशत बालबालिकाहरु नियमित विद्यालय नआउने गरेको पाईयो । अध्ययनको क्रममा सहभागि मध्ये ६० प्रतिशत बालक तथा ४० प्रतिशत बालिका रहेका थिए । जसा शारीरिक अपांगता भएका मध्ये पुरुषको संख्या ४ तथा महिलाकृ संख्य २ रहेको छ । त्यस्तै दृष्टि सम्बन्धी अपांगता भएका पुरुषको संख्या ८ तथा महिलाको १२ रहेको छ । बहिरा तथा सुस्त श्रवण भएकामा ६ जना पुरुष तथा जना महिला रहेका छन् । बोली सम्बन्धी अपांगता १० जना पुरुष र ३ जना महिला रहेका छन् । बौद्धिक अपांगता ३ पुरुष तथा ७ महिलामा रहेको छ । कुल ७० जना बालबालिकाहरुमध्ये ६४.२९ प्रतिशत बालबालिकाहरुले गाडिमा आउने गरेको पाईयो त्यस्तै ३५.७१ बलबालिकाहरुले पैदल यात्रा आउने गरेको पाईयो पैदल यात्रा आउने बालबालिकाहरुले अनेक समस्याहरु देखाएको पाईयोअध्ययन क्षेत्रमा मुख्य रुपमा क्षेत्री पहिलो जाती रहेका छन् । दोस्रो ब्रामण जाति रहेका छन् भने तेस्रो संख्या मगर जाति रहेको छन्

र सबैभन्दा कम गुरुङ जाति रहेको छ ॥ बहुअपांगता ५ पुरुष तथा २ महिलामा रहेको देखिएको छ । यसरी जम्मा २२ जना पुरुष र १८ जना महिलामा विभिन्न किसिमका अपांगता रहेको देखिएको छ । कुल ७० जना अनुसार ४० प्रतिशत बालबालिकाहरुले अलिअलि बुज्ने बताएको पाईयो त्यसै गरी १० प्रतिशत बालबालिकाहरुले अलिकति पनि बुझ्दिन भनेका छन् । २८.५८ प्रतिशत बालबालिकाहरुले शिक्षकहरुले पढाएको बुझ्छु भनेको पाईयो र २१.४२ प्रतिशत बालबालिकाहरुले शिक्षकले पढाएको बुझ्दिन भन्ने जानकारी पाईयो ।

अनुसार २ जना बालबालिकाले भौतिक पूर्वाधारको अभावका कारण विद्यालय नजाने गरेको बताए । उनीहरुो अनुसार विद्यालय जाने बाटो देखि विद्यालयका भौतिक पूर्वाधार अपांगमैत्री नभएको कारणले विद्यालय नजाने गरेको बताए । त्यस्तै १९ जना बालबालिकाहरुले गरिबीको कारणले विद्यालय नगएको बताए । १४ जना बालबालिका तथा उनीहरुका अभिभावकले शिक्षाको महत्व नबुझेको जस्तो पाइयो। अपांगता भएको बच्चाले पढेर के गर्छ भन्ने प्रकारको धारणा उहाँहरुको रहेको थियो। २० जना बालबालिकाले स्थानिय विद्यालय जाने गरेको तर भाषा नवुझ्ने कारण विद्यालय जान बन्द गरेको बताए । उनीहरु बहिरा भएका कारण अन्य सुन्न सक्ने बालबालिका सँग पढ्दा पढाएको नबुझिने कारणले विद्यालय नजाने गरेको बताए । तिनीहरुमध्ये केही र अन्य १५ जना बालबालिकाले विद्यालय टाढा रहेको कारणले विद्यालय नजाने गरेको बताए । ७० जना सर्बेक्षण अनुसार ७० प्रतिशत बालबालिकामा जन्मजात अपांगतामा ८.५७ प्रतिशत बालबालिकामा रोग तथा बिरामी अपांगता भएको देखिन्छ । दृष्टिबहिरा अपांगता, बोलि सम्बन्धि अपांगता, बौद्धिक अपांगता, बहुअपांगता ९१.४३ प्रतिशत नै जन्मजात रहेको देखिन्छ ।

## ५.२ पहुँच

- ७० जना बालबालिका गरिएकको अध्ययनमा ५५ जना बालबालिका अर्थात ७८.५८ प्रतिशत बालबालिका विद्यालय जाने गरेका छन भने १५ जना अर्थात २१.४२ प्रतिशत जना बालबालिका विद्यालय बाहिर रहेका छन् ।

- विद्यालय जाने अपांगता बालबालिकाको लागि भनेर विशेष व्यवस्था भएका विद्यालयहरु जस्तैः ( लेबोरेटरी माध्यमिक विद्यालय, मस्तिष्क पक्षाघात स्वावलम्वन

अभिभावक समुह, बाल कल्याण विद्यालय ) लगायतका विद्यालयहरुमा अध्ययन गरिरहेको छ ।

- सहभागी बालबालिका मध्ये धेरैजसो बालबालिका विद्यालया भर्ना हुने सामान्य उमेर भन्दा ढिलो मात्र विद्यालय भर्ना भएको पाईएको छ । ६ देखि १६ वर्षको उमेरा विद्यालय जाने बालबालिका जम्मा ३२ जना मात्र रहेका छन् । भने १६ देखि २६ वर्षको उमेरमा विद्यालय जाने बालबालिका २८ जना, २६ देखि ३६ वर्षको उमेरा विद्यालय जाने बालबालिका ७ जना र ४३ वर्ष पछि मात्र विद्यालय जाने बालबालिका ३ जना रहेको पाइयो ।

- विद्यालय जाने बालबालिका उनीहरुको आवश्यकता अनुसारका सुविधा जस्तै भौतिक संरचना, सांकेतिक भाषा, ब्रेललिपी लगायतका सुविधा उपलव्ध भएका विद्यालयमा जाने गरेका छन् । जसले उनीहरुको शिक्षा विद्यालय जाने भएपनि प्रभावकारी सिकाई भएको पाईन्छ ।

- बौद्धिक अपांगता, श्रवण दृष्टिबिहिन, बहुअपांगता भएका बालबालिकालाई त कुनै विद्यालयको शिक्षा प्राप्त छ , अन्य विशेष हेरचाह तथा दैनिक क्रियाकलाप सम्बन्धी सिप अवसरमा नै प्राप्त छ ।

## ५.३ प्राप्ति

अध्ययनबाट अपांगता भएका बालबालिकामा शिक्षाको पहुँच पुऱ्याउन विभिन्न प्रकारका समस्याहरु रहेको देखिन्छ । जुन निम्नानुसार रहेका छन् ।

- अपांगता भएका बालबालिकाको लागि उनीहरुको आवश्यकता बमोजिमका सेवाहरु उपलव्ध छैनन् । अपांगता भएका बालबालिकाका लागि भौतिक सुविधा, आवश्यकता अनुसार पाठ्यक्र प्रयाप्त उपलव्ध छन् । उपलव्ध हुनसक्ने सेवाको बारेमा अपांगता भएका बालबालिकाको परिवारमा जानकारी छ ।

- केहि सुविधायुक्त विद्यालय बालबालिकाको पहुँच भन्दा टाढा रहेका छन् । टाढा गएर शिक्षा प्राप्त गर्नु अत्यन्त महङ्गो रहेकको छ ।

- धेरैजसो अभिभावकहरुलाई आफ्ना अपांगता भएका बालबालिकाको लागि विशेष शिक्षा, समावेशी शिक्षा उपलव्ध हुन सक्छ भन्ने विषया जानकारी छद । अपांगता भएका बालबालिकाका अभिभावक प्रायः आफ्ना बालबालिकालाई उनीहरुको आवश्यकता अनुसारको शिक्षा कसरी उपलव्ध गराउने भन्ने विषयमा विज्ञ रहेका छन् ।

- अपांगता भएका बालबालिकाको लागि आवश्यक उपकरण, प्रविधि, प्रयाप्त रहेको छैन ।

- अपांगता भएका बालबालिको लागि प्रयाप्त पाठ्यक्रम छ । तथा शिक्षा रोजगारमुलक छ ।

- अपांगता भएका बालबालिकाको शिक्षामा अभिभावकको सहभागिता रहेको छ ।

- शिक्षक तथा प्रधानाध्यापकको अपांगता प्रतिको व्यवहार सकारात्मक प्रकारको रहेको छ ।

## ५.४ निष्कर्ष

अपांगता आफैमा समस्या नभए पनि हाम्रो समाजमा व्याप्त अपांगता प्रतिको नकारात्मक धारणाले गर्दा अपांगता भएका व्यक्तिहरुको जीवन भोगाइ कष्टकर हुने गरेको छ । अपांगता भएपछि व्यक्तिका हरेक हरेक क्रियाकलापा सीमितता आउने गरेको पाइन्छ । यस प्रकारको परिस्थितिले गर्दा अपांगता भएका व्यक्तिहरु समाजमा आफ्नो भूमिका प्रदर्शन गर्न, शिक्षा प्राप्त गर्न उचित शिक्षा नभएपछि काम तथा रोजगारीमा सामेल हुन अनि गुणस्तरीय तथा सम्मानजनका जीवनयापनबाट बञ्चित रहने गरेका छन् । यस परिभाषा अन्तरगत अपांग भएका बालबालिकाहरुलाई शारिरिक अपांगता , दृष्टिबिहिन अपांगता, सुनाई सम्बन्धि अपांगता श्रवण दृष्टिविहिन अपांगता , स्रोवर बोलाई सम्बन्धि अपांगता मानसिक अपांगता र बहु अपांगता गरी सात प्रकारमा बर्गिकरण गरीएको छ । अपांगता भएका व्याक्तिहरुका लागि निशुल्क शिक्षाको प्रदान रहेको छ भने शैक्षिक छात्रवृद्धिको समेत व्यवस्था गरी अपांगता भएका बालबालिकाको शिक्षामा पहुँच बढाउने उदेश्य राखेको छ । हामि नबिसौ कुनै पनि बालबालिकाको पहिलो पाठशाला भनेको घर हो र अभिभाबक नै उसको पहिलो

गुरु वा शिक्षक पनि हुन त्यसैले अपांगता भएका बालबालिकालाई विद्यालय भर्नाको कुरा गरी रहदा उनिहरुका अभिभाबक लाई पनि सचेतना गराउन आवश्यकता छ । मुख्य कुरात त्यसका लागि उनिहरुलाई आफना बालबालिकामा अपांगता छ भनेर हीन भावना नराख्न र अपांगता भएका व्याक्तिहरुले पनि उचित शिक्षा हासिल गर्ने आवसर पाएको खण्डमा परिवारका लागि,समाजका लागि महत्वपुर्ण योगदान गर्न सक्छन र गरिरहेका छन् भन्ने कुराको जानकारी र विश्वास दिलाउन अभिभावकका लागि छुट्टै भेला वा अभिमुखीकरण तालिमको व्यवस्था गर्नु आवश्यक र उपयुक्त देखिन्छ । यति हुँदाहुँदै पनि असमान भौगोलिक बनावट , गरिबी र अपांगता बीचको निकट सम्बन्ध , अपांगताप्रतिको नकारात्मक र पुरातनवादी दृष्टिकोण , उनिहरुलाई समान अधिकार र अवसरको दृष्टिकोण बाट भन्दा नकारात्मक र पुरा अपांगताको निर्धारण व्यक्ति बसेको भुगोल,वरिपरिको वातावरण र समाजले गर्ने व्यवहारले गर्छ । नेपाल भौगोलिक रुपमा विविधता भएको देश हो । यहाँको वातावरण तथा समाज अपांगमैत्री छैन । सबैभन्दा महत्वपूर्ण पक्ष मानव निर्मित संरचना नै अपांगतामैत्री नभएकोले अपांगता भएका व्यक्तिहरु स्वतन्त्र रुपमा आवागमन गर्न पाउँदैनन् ।

समाजमा एउटा व्यक्तिको हैसियत राख्न खोज्दा उसले भौतिक, सामाजिक, सांस्कृतिक र अवधारणगत अवरोधहरुको सामना गर्नुपर्छ । यस प्रकारका अवरोधले गर्दा अपांगता भएका व्यक्तिहरु उचित शिक्षा प्राप्त नसक्ने गरेको देखिन्छ । व्यक्ति शिक्षाको उज्यालोबाट बन्चित भएपछि आय आर्जन तथा रोजगारीा सामेल हुन नसक्दा परनिर्भरता र गरिबीको मारमा पिल्सिनु पर्ने अवस्था सिर्जना हुन जान्छ । यस्ता विविध कारणले गर्दा हाम्रो देशमा अधिकांश अपांगता भएका व्यक्तिहरु आर्थिक र विपन्नता र सामाजिक तिरस्कारको सिकार भएको पाईन्छ ।

# सन्दर्भ साम्रागी

अपांग सेवा राष्ट्रिय नीति २०५३

अपाङ्गता भएको व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३

काफ्ले, बासुदेव २०६१ विशेष शिक्षाका आधुनिक प्रचलनहरु ,आपांग सशक्तिकरण,वर्ष १, अकं ६, अजामनगर काठमाडौ : नेपाल अपांग समाज ।

चिङ निफ्नु(२०७६) , नेपालको सन्दर्भमा समावेशी शिक्षाको सवाल ।

झमक घिमिरे जीवन काडा किफुल, पेज २

नेपाल सरकार, २०५३ विशेष शिक्षा नीति, काठमाण्डौः नेपाल सरकार

नेपालको संविधान २०७२ धारा १८, ३१, ३९

नेपालमा विशेष शिक्षा २०६१ सानोठिमी, भक्तपुर, शिक्षा विभाग, शिक्षा मन्त्रालय।

नेपाल राजपत्र २०६३ , अपांगताको परिभाषा तथा बर्गिकरण खण्ड : एक

पहाडी लिला(२०७६), नेपालमा समावेशी शिक्षाको चुनौती र अवसर

हाडा गम्भीर बहादुर(२०७९ जेष्ठ २७), नेपालमा समावेशी शिक्षाको महत्व ।

भट्टराई कुमार याथ्या(२०७९), नेपालमा समावेशी शिक्षाको महत्वबारे प्रयोग ।

पौडेल गणेश प्रसाद(२०७५), अपाङ्गता केन्द्रीत समावेशी शिक्षा सहजिकरण दम्तीका ।

विश्व स्वास्थ्य संगठन, स्न २०१०

मित्रा सोपी (२०१८), अपाङ्गता, स्वास्थ्य र मानव विकास अपाङ्गता र अन्तराष्ट्रिय विकासा पाल्ग्रेभ

समावेशी शिक्षा नीति २०७३ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार ।

रेग्मी दामोदर(२००६), समावेशी शिक्षा अपाङ्गता भएको बालबालिकाको अवस्था

मन्त्री परिषद्(२०६६-२०७२), **विद्यालय क्षेत्र सुधार काठमाडौं ।**

राष्टिय अपांग महासघं नेपाल  डिसिम्बर २८ २०१९

Arneil,barbara ,and a Nancy J. Hirschmann, Editors.Disability and political theory.cambridge UP 2016

Aodpted by the world conference on special needs education; access and Quality. Salamanca sapin, 7-10 june 1984.Unesco.

Laxmi narayan 2003 status of people with disability  people with different ability in nepal baber mahal kathmandu nepal.

Nepal. Geneva; World Health Organization.

Nepal Demographic and Health Survey 2011

MOHP 2014 national nutrition policy 2071 kathmandu MOHP

MoWCSW 2006 national policy and plan of action on disability 2006 kathmandu ministry of women ,  children and senior citizen.

UNISCO, (1994).The salamanca statement and framework for action on specil needs education;

UNDP,UNESCO, UNICEF, world Bank).

WCEFA.(1990).Meeting Basic Learning Needs ; A Vision for the 1990s. Background Document. New York;The inter- Agency Commission

Who (2010) Country Cooperation Strategy- at a Glance *;*

## प्रश्नावली

**(क) अपांगता भएका बालबालिका सामान्य जानकारी**

नामः उमेरः

ठेगानाः

लिंग :

अ) पुरुष आ. महिला इ) अन्य

१. शारीरिक रुपमा कस्तो किसिमको अपांगता रहेको छ ।

अ) शारीरिक आ) दृष्टिबिहिन तथा न्यून दृष्टि

इ) बहिरा तथा सूस्त श्रवण ई) स्वरबोलाई सम्बन्धी अपांगता

उ)मानसिक अपांगता ऊ) बहु अपांगता

ए) अन्य ..................................

२. शारीरिक रुपमा कसरी फरक क्षमता भयो ?

अ) जन्मजात आ) दुर्घटना

इ) बिमारी तथा औषधीको कारण ई) अन्य ........

३. घरमा अरु कसैको पनि शारीरिक रुपमा फरक क्षमता रहेको छ ।

अ) छ आ) छैन

४. कति वर्षको उमेरमा शारीरिक रुपमा फरक क्षमता भएको हो । जन्मजात वा दुर्घटना ?

.................................................................................... ।

**(ख) शैक्षिक अवस्था सम्बन्धी जानकारी**

१. नियमित स्कुल आउने गर्नु भएको छ ?

अ) छ आ) छैन

२. छ भने कस्तो स्कुल आउने गर्नु भएको छ ?

अ) सामान्य स्कुल आ) अपांगता मैत्री स्कुल

इ) समावेशी स्कुल ई) अन्य .........

३. विद्यालयमा कुनै किसिमका समस्या महसुस गर्नुभएको छ ?

अ) छ आ) छैन

४. छ भने के कस्ता समस्या महसुस गर्नुभएको छ ?

.......................................................

५. स्कुल सम्म आउन साधनको प्रयोग गर्नुहुन्छ ?

अ) बस आ) पैदल यात्रा इ) अन्य ...................

६. कुन उमेरमा स्कुल भर्ना हुनु भयो ?

..................................................।

**(ग) पारिवारीक तथा सामाजिक व्यवहार**

१. परिवार तथा समाजबाट कुनै भेदभावको महसुस गर्नुभएको छ ?

अ) छ आ) छैन

२. छ भने कस्तो भेदभाव महसुस गर्नुभएको छ ?

..................................................................................................................

............................................................................... ।

३. घरमा पढाई लेखाई कुनै सदस्यबाट सहयोग प्राप्त गर्नुहुन्छ ?

अ) छ आ) छैन

४. छ भने कसले कसले सहयोग गर्नुहुन्छ ?

अ) बाबा आ) आमा इ) दिदि/बहिनी

ई) दाजु/भाइ उ) अन्य................

५. परिवाबाट कस्तो व्यवहारको अपेक्षा गर्नुहुन्छ ?

..................................................................................................................

............................................................................... ।

६. शारीरिक रुपमा फरक क्षमता भएका बालबालिकाको शिक्षाका लागि नेपाल सरकारले विभिन्न व्यवस्था गरेको छ नि ? त्यो विषयमा केही जानकारी छ ?

अ) छ आ) छैन

७. छ भने के थाहा छ ?

..................................................................................................................

............................................................................... ।

८.स्कुलमा साथीहरुले के कस्तो व्यवहार गर्नुहुन्छ ?

अ) सहयोग गर्नुहुन्छ आ) गिज्याउने गर्नुहुन्छ

इ) बेवास्था गर्नुहुन्छ इ) सम्मान गर्नुहुन्छ

९. स्कुलमा शिक्षकहरुले पढाएको बुझ्नुहुन्छ ?

अ) बुझ्छु आ) अलिअलि बुझ्छु

इ) बुझ्दिन ई) अलिकति पनि बुझ्दिन